का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ असोज २०८१,
आइतबार
29 September, 2024
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २२९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



अविरल वर्षाका कारण राजधानी उपत्यकाका विभिन्न स्थानमा डुबानमा परेका नागरिकलाई उद्धार गर्दै नेपाल प्रहरी। तस्विर सौजन्य : नेपाल प्रहरी, रासस

# ठूलो जनधनको क्षति

## कम्तीमा ८७ जनाको मृत्यु, ७२ बेपत्ता

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १२ असोज ।

अविरल वर्षाले ५६ वर्ष यताकै रेकर्ड तोडेको छ । सन् १९७० देखि नेपालमा वर्षाको मापन हुँदै आएको छ । तर मापन हुन थालेको वर्षाको रेकर्ड यसपटक तोडिएको छ ।

सन् २००२ मा राजधानी उपत्यकामा २००.८ मिलिमिटर वर्षा मापन भएको थियो । शनिवार २४ घण्टामा यो रेकर्ड तोड्दै ३२३ मिलिमिटर वर्षा भएको छ ।

बुधबारदेखि परिरहेको यो रेडर्क ब्रेक वर्षाका कारण बाढी, डुबान र पहिरो जाँदा ठुलो जनधनको क्षति भएको छ । गृह मन्त्रालयका अनुसार बाढी र पहिरोको प्रकोपबाट शनिवार



बेलुकीसम्म ८७ जनाको मृत्यु भएको छ भने १ सय भन्दा धेरै घाइते भएका छन् । यस्तै ६९ जना बेपत्ता छन् । गृह मन्त्रालयका प्रवक्ता एवं सहसचिव ऋषिराम तिवारीका अनुसार बंगालको खाडीबाट आएको जलवाष्पयुक्त वायुको प्रभावले नेपालमा वर्षा भएको हो ।

»» पृष्ठ २ मा

## घाइतेको निःशुल्क उपचार

सरकारले बाढी, पहिरो र डुबानका कारण घाइते भएकाहरूको निःशुल्क उपचार गर्ने भएको छ । शनिवार बसेको आकस्मिक मन्त्रिपरिषद्को बैठकले बाढीपहिरोबाट देशभरि भएको क्षतिबारे मूल्यांकन गरेको छ । सरकारका प्रवक्ता एवं संचार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङका अनुसार विपद्मा ज्यान गुमाउने मृतकका परिवारलाई क्षतिपूर्ति र घाइतेको निःशुल्क उपचार गर्ने निर्णय भएको छ । प्रधानमन्त्री केपी शर्मा ओली अमेरिका भ्रमणमा छन् । प्रधानमन्त्री देश बाहिर रहेका कारण कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहको अध्यक्षतामा

»» पृष्ठ २ मा

## उपत्यकामै संकट

बाढी पहिरोबाट काठमाडौं उपत्यका सबैभन्दा बढी प्रभावित बनेको छ । शनिवार साँझसम्म उपत्यकाका ३४ जनाले ज्यान गुमाएका छन् । उपत्यकाभित्र काठमाडौंमा ९ जना, ललितपुरमा १८ जना र भक्तपुरमा ५ जनाले ज्यान गुमाए । उपत्यकामा ११ जना घाइते छन् । उपत्यकाका ३ जिल्ला बाहेक बागमती प्रदेशमा २३ जनाको



मृत्यु भएको छ, जहाँ ३५ जना घाइते र ४० जना बेपत्ता भएका छन् ।

बाढी र डुबानले संघीय राजधानी उपत्यकालाई नै त्राहिमाम् बनाएको हो । उपत्यकाका बागमती, नख्खु लगायतका सबै नदीमा आएको बाढीले करिडोर सडक र आसपासमा भएका संरचनामा क्षति पुगेको छ ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार उपत्यकामा उपत्यकामा वर्षाले वर्षा मापन केन्द्रमा रेकर्ड नै तोडिएको छ। महाशाखाका

»» पृष्ठ २ मा

## चणिकलालले पाए प्रशंसा





विपद्का बेला सुरक्षित रहन भनिन्छ। अझ खोला र भेलमा नपस्न आग्रह गरिन्छ । पूर्व तयारीबीना बाढीमा पस्दा त्यस्तो व्यक्ति नै खतरामा पर्छन । तर, शनिवार नख्खु खोलाको उर्लंदो भेलमा बगेकाको उद्धार गर्न ३३ वर्षीय चणिकलाल तामाङ पसे ।

चार जनाको परिवार जस्ताको छानामाथि रहेर उद्धार खोजिररहेका थिए। ४३ वर्षीय राजु साह, उनकी ६ वर्षीया छोरी मेघना साह, २२ वर्षीय राज साह र ४ वर्षीया शेर्तु साह ज्यान जोगाउनका लागि जस्ताको टहरोमाथि चढेका थिए ।

स्थानीयले उनीहरूको उद्धारको लागि हेलिकप्टर माग गरिरहेका थिए । तर, बाढीले जब उक्त परिवार रहेको जस्ताको छाना रहेको टहरो नै बगायो तब चणिकलाल भेलमा पसे। दुई जनाको जीवन बचाए। एक जना आफैं खोलाबाट पाखा लाग्न सफल भए । अर्का एक जनाको भने बेपत्ता छन् ।

ललितपुरमा पेण्टिङको काम गर्दै आएका चणिकलालले दुई जनाको ज्यान बचाएको भनेर स्याबासी पाइरहेका छन्। उनले साहस गरेको भनेर सामाजिक सञ्जालहरूमा पनि प्रशंसा पाइरहेका छन् ।

**वैदेशिक रोजगार विशेष**

## वैदेशिक रोजगारको दुईदिने अभिमुखीकरण तालिम अब तीनदिने

# देशगत भाषा परीक्षामा फेल भएका कामदार विदेश जान नपाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असोज

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले भाषा परीक्षाको नाममा वैदेशिक रोजगारमा जाने कामदारको शुल्क अत्यधिकरुपमा वृद्धि गरिएको भन्दै आपत्ति जनाएको छ।

गत वर्ष असोज ७ गते अभिमुखीकरण तालिम सञ्चालन मूल कार्यविधि २०७६ लाई संशोधन गरी वैदेशिक रोजगारीमा जाने कामदारले अनलाइन प्रणालीबाट परीक्षा दिइ कम्तीमा ५० प्रतिशत अंक ल्याएपछि मात्र उत्तीर्ण हुने र उक्त प्रमाणपत्र पेस गरेपछि मात्र श्रम स्वीकृति पाउने व्यवस्था गरिएको थियो। वैदेशिक रोजगार विभागले तालिममा शुद्धता र प्रमाणिकता ल्याउने भन्दै यसै हप्ताबाट उक्त कार्यविधि कार्यान्वयनमा ल्याउन लागेको छ ।

कार्यान्वयनमा ल्याउन लागिएको संशोधित कार्यविधिमा हालको २ दिने तालिमलाई ३ दिने बनाइ पहिलो र दोस्रो दिन अंग्रेजी भाषा र तेस्रो दिन वैदेशिक रोजगारीमा जाने देशको देशगत भाषा कक्षासमेत अध्ययन गनुपर्ने र परीक्षा दिनै पर्ने बाध्यात्मक व्यवस्था जत छ। त्यसमा अभिमुखीकरण तालिम संस्थाले भाषा अध्ययन, परीक्षा र प्रमाणपत्र शुल्क गरी २ हजार ८ लिने पाउने कार्यविधिले व्यवस्था गरेको छ ।

एशोसिएसनका महासचिव महेशकुमार बस्नेतले एक विज्ञप्ति जारी गर्दै संशोधित व्यवस्थाले वैदेशिक रोजगारीको क्षेत्रमा दीर्घकालीनरुपमा ठूलो नकारात्मक असर पर्ने बताएका छन्। उनले भनेका छन्, 'परीक्षा अनिवार्य गरिनु र त्यसमा पनि ५० प्रतिशत अंक उत्तिर्णांक राख्दा नपढेका वा कम पढेका कामदारहरु वैदेशिक रोजगारीमा जानबाट प्रत्यक्षरुपमा बञ्चित गराउने छ। सामान्यतया अभिमुखीकरण तालिम वैदेशिक रोजगारका लागि

»» पृष्ठ २ मा

### दुःखले खाडी जान लागेकालाई भाषामा ५० प्रतिशत उत्तीर्णांक !

**काठमाडौं/मस–** वैदेशिक रोजगारमा जाने कामदारको भाषाको दक्षता र ाम्रो पक्ष मानिन्छ। तर विद्यालयस्तरको पढाइ उत्तीर्ण गर्न ३३ प्रतिशत नम्बर ल्याउन नसकेर अनुत्तीर्ण भइ सिकर्मी, डकर्मी, प्लम्बरलगायत काममा वैदेशिक रोजगारमा जाने कामदारमाथि ५० अंकको भाषा परीक्षा अनिवार्य उत्तीर्णको सर्त राख्दा त्यसले कामदारमाथि आर्थिक भार, मनोवैज्ञानिक दबाब सिर्जना गर्ने आंकलन गरिएको छ ।

यसअघि प्रमुख गन्तव्य मुलुक साउदी अरेबिया जाने नेपाली श्रमिकको भिसा प्रक्रियामा बायोमेट्रिक र अंग्रेजी भाषा परीक्षा

»» पृष्ठ २ मा

# कृषि पाठशालाले बदलेको जीवन

**ललित बोहरा/मध्यान्ह**
डडेल्धुरा, १२ असोज



डडेल्धुराको गन्यापधुरा गाउँपालिका-१ बस्ने ३५ बर्षीय खेमराज अवस्थी हुलाक कार्यालय डडेल्धुराका कर्मचारी थिए । सामान्य परिवारका अवस्थी घरखर्चका लागि भएपनि काम गर्नु पर्छ भनेर जागिरे भएका थिए । एक दिन उनको बारीमा तत्कालीन जिल्ला कृषि विकास कार्यालय डडेल्धुराले एक कृषि पाठशाला सञ्चालन गऱ्यो । त्यसपछि उनले कार्यालय जानु भन्दा पहिले दुई घण्टा र कार्यालयबाट फर्केएपछि तीन घण्टा पाठशालामा कृषि शिक्षाका लागि समय दिन थाले ।

बारीमा तीनदेखि चार महिनाको बिचमा कृषि सहजकर्ता महेश्वरी भट्टको निगरानीमा राम्रो तरकारी उत्पादन भएको देखे । 'तरकारी उत्पादन राम्रो भएको दिन त अचम्म लाग्यो, हाम्रो यो माटोमा काउली, बन्दा र आलु यति राम्रो हुने रहेछ' अवस्थी सम्झन्छन्, 'त्यो देखेर गाउँका धेरै मानिसहरु व्यावसायिक तरकारी उत्पादनमा लागेका छन् त्यसपछि मैले त सरकारी जागिर छोडिदिँए ।'

जागिर छोडेर कृषिमा लागेपछि उनले वार्षिक चारदेखि छ लाखसम्म आम्दानी कृषिजन्य उत्पादनबाट गरिरहेका छन् । पाठशालाबाट सिकेको ज्ञान उनले आफुमै सिमित राखेका छैनन् । ४५ स्थानमा सहजकर्ता भएर कृषक पाठशाला सञ्चालन गरेका छन् । ली-बर्डले उनलाई सुदूरपश्चिमको बझाङ र बाजुरा जिल्लामा

»» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१३ असोज २०८१, आइतबार
29 September 2024, Sunday

# बोदे बरसाइनमा सडक निर्माणमा अनियमितता

**घुरन यादव/मध्यान्ह**
सप्तरी, १२ असोज




सप्तरीको बोदे बरसाइन नगरपालिका वडा नम्बर-९ मा देउरीमा सडक निर्माण योजनामा भएको अनियमितताका बारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरी कार्यालयले छानविन शुरु गरेको छ ।

आर्थिक वर्ष २०७७/७८ मा बोदे बरसाइन नगरपालिका वडा नम्बर -९ मा देउरीको जनकल्याण प्रा.वि. - लबटोलिया - वडा कार्यालय हुँदै सिमरहा डिहबार थान सम्मको कामै नगरी, फर्जी उपभोक्ता समिति बनाइ रू. ४१ लाख ८४ हजार २ सय ३५ रुपैयाँ आर्थिक वर्ष सकिएपछि २०७८ पुसमा फर्जी तरिकाले भुक्तानी गरिएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ ।

स्रोतका अनुसार सडक बोर्डबाट प्राप्त रकममा कामै नगरी अरू निकायले गरेको काम देखाइ भुक्तानी लिएको र फर्जी उपभोक्ता समिति बनाएको विषयमा उजुरी परेपछि आयोगले दर्ता नम्बर सी-००७३७३ कायम गरी अनुसन्धान गरी रहेको छ ।

गत भदौ २८ गते स्थलगत रुपमै अनुगमन गरी मुचुल्का उठाइ छानबिनलाई तिव्रता दिएको अख्तियार स्रोतले बताएको छ।

सडक बोर्ड नेपालबाट प्राप्त रकम रू. ४४ लाख देउरीको जन कल्याण प्रा.वि.- लबटोलिया - वडा कार्यालय हुँदै सिमरहा डिहबार थानसम्मको सडक स्तरोन्नति कार्यका लागि गठित उपभोक्ता समितिका अध्यक्ष राकेश साहले नै आफ्नो नाममा फर्जी उपभोक्ता समिति गठन गरी बोदे बरसाइन नगरपालिकाले अनियमितता गरेको भन्दै जिल्ला प्रशासन कार्यालय सप्तरीमा गएको साउन १७ गते उजुरी दिएका छन् । उजुरी दर्ता नम्बर ७९ कायम भएको छ ।

# 'सरकार र समुदाय मिलेर स्वास्थ्य क्षेत्र सुधार गर्नु आजको आवश्यकता हो'

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
बुटवल, १३ असोज



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सरकार र समुदाय मिलेर स्वास्थ्य क्षेत्रको आमुल परिवर्तन गरी सुधार ल्याउनुपर्ने बताएका छन् । गौतम बुद्ध सामुदायिक मुटु अस्पताल बुटवलले विश्व मुटु दिवसको अवसरमा बुटवलमा आयोजना गरेको स्वास्थ्य सम्बन्धी अन्तरक्रिया कार्यक्रममा मुख्यमन्त्री आचार्यले स्वास्थ्य क्षेत्रको विकासका लागि सरकार, समुदाय, निजी क्षेत्रबीच सहकार्य गर्नुपर्नेमा जोड दिए ।

'म गम्भीर रोगलाई जितेर यहाँसम्म आइपुगेको छु । बिरामी हुँदा कस्तो अनुभुती हुन्छ, परिवारले कस्तो संकट भोग्नुपर्छ, त्यो सबै अनुभुती मसँग छ, त्यसैले स्वास्थ्य क्षेत्रमा बिरामी र तिनका परिवारले भोग्ने समस्याहरु समाधान गर्न लुम्बिनी प्रदेश सरकार तयार छ' उनले भने, 'स्वास्थ्य क्षेत्रलाई नजिकबाट बुझ्ने अवसर पनि मिल्यो, हामी सुधार गर्ने ठाउँमा छौं। अनुभुती हुनेगरी सुधार गर्छौं केही समय पर्खनुस म परिवर्तन गर्छु ।

मुख्यमन्त्री आचार्यले मुटुसँगै मिर्गौलाको उपचार र डायलाइसिस सेवालाई पनि सहज बनाउने बताए । समुदायबाट स्वास्थ्य क्षेत्रमा गरिएको योगदानको प्रशंसा गर्दै उनले गौतमबुद्ध सामुदायिक मुटु अस्पतालको जग्गा र भवन निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा पूर्व स्वास्थ्यमन्त्री बिष्णु पन्थीले सरकारी स्वास्थ्य क्षेत्रका कर्मचारीहरुको ढिलासुस्ती र लापरबाहीका कारण सरकारले स्वास्थ्य उपचारमा आलोचना खेप्नुपरेको भन्दै सरकारले गरेका नीति नियमहरुको कार्यान्वयन गर्ने तहमा बसेका कर्मचारीहरु नसुध्रिएसम्म कुनैपनि क्षेत्र सुधार गर्न नसकिने दाबी गरे ।

उनले सरकारले अगाडि सारेका स्वास्थ्यका योजनाहरु कार्यान्वयन गर्न र सहज बनाउन कर्मचारी र स्वास्थ्यकर्मी पूर्ण रुपमा तयार हुनुपर्ने बताए । 'कपिलवस्तुको जितपुरमा डायलाइसिस सेन्टरको अनुमति ल्याउन म आफै दुईवर्ष सम्म धाउँदा पनि सकस परेको छ । दुई वर्ष निरन्तर पहल गर्दा बल्ल अनुमति ल्याउन सकियो, यस्तो ढिलासुस्तीले जनताले कहिले सहज र सुलभ रुपमा स्वास्थ्य सेवा पाउन सक्छन्, कर्मचारी तहबाट ढिलासुस्ती हुनु राम्रो होइन,' पन्थीले भने ।

कार्यक्रममा प्रदेशसभा सदस्य चिन्तामणी पाण्डेले समुदायले स्वत:स्फुर्त रुपमा सञ्चालन गरेका गैरनाफामुलक संस्थाले सरकारले सघाउनुपर्ने बताए ।

गौतमबुद्ध सामुदायिक मुटु अस्पतालका अध्यक्ष एजाज आलमले रुपन्देहीका उद्योगी व्यवसायी, विभिन्न रोटरी क्लब तथा समाजसेवीहरुको सहयोगमा अस्पताल स्थापना गरिएको भन्दै अब अस्पतालको जग्गा प्राप्ती र भवन निर्माणमा अभिभावकत्व लिन मुख्यमन्त्री आचार्यलाई आग्रह गरे ।

अस्पतालका सहसचिव बाबुराम बोहराको सञ्चालन तथा उपाध्यक्ष रामप्रसाद बस्यालको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रममा अस्पतालका निर्देशक वरिष्ठ मुटुरोग विशेषज्ञ डाक्टर समीर गौतमले अस्पतालमा हालसम्म भएका गतिविधि तथा मुटुरोगबाट जोगिन अपनाउनुपर्ने सावधानी बारे जानकारी दिए ।

कार्यक्रममा रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटा र रोटरी क्लब अफ बुटवलका अध्यक्ष प्रज्वल थान्जु लगायतले सम्बोधन गरेका थिए ।

२०७० साल पुस १० गते स्थापना भएको मुटु अस्पतालबाट झण्डै ११ सय मुटुका बिरामीले क्याथल्याबबाट सेवा लिइसकेका छन् ।

# रौतहटमा बकैया र बागमतीको बाँध टुट्यो

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १२ असोव



अविरल वर्षाले रौतहटको विभिन्न ठाउँमा बकैया र बागमती नदीको बाँध टुटेको छ। बाँध टुटेपछि बाढीको पानी गाउँमा पसेको छ। जिल्लाको माधोपुर, सिंगारमन र धर्मपुर गाउँमा बागमती नदीको बाढी पसेको छ। माधोपुरसहित तीन वटै गाउँ बाढीको पानीले जलमग्न भएको छ। २०५० सालभन्दा पनि ठूलो बाढी आएको माधोपुरका स्थानीयहरु बताउँछन्। पानी अझै बढ्दो क्रममा रहेको उनीहरूको भनाइ छ। बाढीको पानीले माधोपुरमा २ सय भन्दा बढी घर पूर्ण रूपमा डुबानमा परेको छ, भने अझै कयौं घर डुबानमा पर्ने खतरा बढ्दै गएको छ। गाउँमा पानी लगातार बढ्दै गएकोले स्थानीयहरु निकै त्रसित भएका छन्। बागमतीमा रौतहटतर्फको बाँध धेरै ठाउँमा भत्किएको खबर छ। गढीमाई नगरपालिकाको लक्ष्मीपुर, धर्मपुर र पकाहामा तटबन्ध भत्किएको छ । यसैगरी दुर्गा भगवती गाउँपालिकाको र राजदेवी नगरपालिकाको पनि कटरवनमा बागमतीको तटबन्ध भत्किएको छ । खोलाको पानी मानव बस्तीतिर प्रवेश गरिरहेकाले सचेत र सजग रहन अनुरोध गरिएको छ ।

# उदयपुर र खोटाङ जोड्ने पक्की पुल बगायो

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १२ असोज



लगातार वर्षातले उदयपुर र खोटाङ जोड्ने फोक्सिङटारस्थित सुनकोशी नदीको पक्की पुल बाढीले बगाएको छ ।

कोशीमा आएको बाढीले शनिबार पुल बगाएको जिल्ला सहायक प्रवक्ता सूचना अधिकारी लक्ष्मी प्रसाद रेग्मीले जानकारी दिए ।

खोटागको खोटेहाग गाउँपालिका - ९ लिकचिराम्चे र उदयपुरको रौतामाई गाउँपालिका - ५ फोक्सीटारमा रहेको पुल बाढिले पूर्णरुपले बगाएको रेग्मीले जानकारी दिए । सुनकोशीमा बाढी अधिकतम मात्रामा बढेपछि शनिबार पुल बगाएको छ। उनले भने, 'पुलको दुई पट्टिको पिल्लर बाँकी रहेका छन्। बीचको सर्म्पूण भाग बगाएको हो ।' करिव १३ वर्षमा बनेको पुल झण्डै १८ महिना यता सञ्चालनमा आएको थियो । पुल आर्क डिजाइनको थियो ।

बाढी पहिरोले उदयपुरको ग्रामीण क्षेत्र ताप्ली, उदयपुरगढी,लिम्चबुङ लगायत गाउँपालिकाका सडक अवरुद्ध रहेको गाउँपालिका प्रमखहरुले जानकारी दिएका छन् । बाढीले कटारी,गाईघाट लगायत ठाउँहरुमा डुवान हुनुका साथै खतरा बढेको छ। बेलका नगरपालिकाको ८,९,३,२ वडाहरुका रामनगर,नारायणनगर आसपास बस्ती डुवानसँगै उद्धार कार्य जारी रहेको तथा १४ सय घरपरिवारका १३ हजार प्रभावित हुनुका साथै उच्च जोखिममा रहेको बेलका नगर प्रमुख अशोक कार्कीले जानकारी दिए ।

यसैबीच उदयपुरमा बाढीले बगाउँदा एक बालिकाको मृत्यु भएको छ । बाढीले उदयपुरको रौतामाई गाउँपालिका १ माझखर्ककी अन्दाजी १६ वर्षीया हिसिला तामाङ मृत्यु भएको हो । गाउँ नजिकैको ओडारे खोलाले बगाएर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

# भारी वर्षाका कारण सडक अवरुद्ध

ओबराज शाही/मध्यान्ह
हुम्ला, १२ असोज



वर्षासँगै हुम्लामा आन्तरिक छोटो दुरीका सडक अवरुद्ध भएका छन् । एक महिना अगाडि वर्षाले भत्किएको सडक निर्माण नहुँदा अहिलेको वर्षाले झन् सडक भत्काएको छ ।

जिल्लाका छोटो दुरीमा सञ्चालन हुँदै आएका यातायातका साधनलाई ज्यानकोबाजी लगाएर यात्रा गर्नुपर्ने अवस्था आएको छ ।

जिल्लाको सिमकोटदेखि खार्पु खण्ड, नाम्खाको हिल्सा, ठेहे, बरगाउ, डाडाँफया,दोजाम सम्म आन्तरिक सडक पर्दछ। जिल्लाको अन्तरिक तथा छोटा दुरीमा ठेक्का भन्दा विकासे कार्यालयबाट कोटेसनले निर्माण भएको सडकको अवस्था झनै भयानक भएको देखिन्छ । सिमकोट गाउँपालिकादेखि खार्पु खण्डसम्म चल्ने सडक जोखिमपूर्णसँगै पहिरोले एक महिना अगाडि भत्किएको सडक निर्माण नहुँदा दैनिक भत्किएको सडक यात्रा गर्दा ज्यानको बाजी लगाएर यात्रा गर्नुपर्ने अवस्था आएको ट्याक्टर चालक माने शाहीले बताए ।

चालक शाहीका अनुसार सिमकोट गाउँपालिका वडा नं.५ को मेल बिसाउन सडक करिब एक महिना अगाडि माथिबाट आएको पहिरोले ग्याबिन भत्किएको भएपनि अहिलेसम्म निर्माण हुन सकेको छैन् ।

सडक विभाग, पूर्वाधार विकास र स्थानीय सरकारले कुनै चासो नै दिएको छैन् । उक्त सडक साँगुरो गोरेटो छ, दैनिक दिन खार्पु खण्ड जान उक्त भत्किएको सडकमा यात्रा गर्दा दुर्घटना हुने सम्भावना भएको अर्का ट्याक्टर चालक पुरन मल्लले बताए ।

वर्षासँगै चिप्लो माटो भएको सडक हुँदा कति बेला दुर्घटना हुने हो भन्न नसकिने अवस्था रहेको छ । कुनै दुर्घटना नहुँदै निर्माण तथा अन्य विकल्प खोज्नु जरुरी देखिएको छ ।

# गोपाल नीना फाउण्डेसनबाट बृहत् रक्तदान

**नेपालगन्ज/मस**–गोपाल-नीना फाउण्डेशन, नेपालगन्जद्वारा 'बृहत्त रक्तदान कार्यक्रम'को आयोजना गरिएको छ ।



बाँके जिल्लामा अहिले रगतको अभाव भइरहेको अवस्थालाई मध्यनजर गर्दै 'रक्तदान गरौं : जीवन उपहार दिउँ'भन्ने नाराका साथ उक्त कार्यक्रमको आयोजना गरिएको र १० जना महिलासहित ५७ जनाले रक्तदान गरेको गोपाल-नीना फाउण्डेशनकी सहनिर्देशक डा. तृप्ती पाल रमणले जानकारी दिइन् ।

फाउण्डेसनका संस्थापक अध्यक्ष डा.गौरव श्रेष्ठका अनुसार उक्त कार्यक्रममा सहभागी हुने रक्तदाताहरुमध्ये अधिकाँश स्वास्थ्यकर्मी, चिकित्सक, फाउण्डेसनका कर्मचारी, औषधी वितरक प्रतिनिधि तथा अन्य स्वास्थ्य संस्थाहरुमा कार्यरत कार्यकर्ता लगायत ५७ जनाले रक्तदान गरेका हुन् । गोपाल-नीना फाउण्डेशन, नेपालगन्जका अभिभावक सुप्रसिद्ध वरिष्ठ फिजिसियन डा. गोपाल श्रेष्ठ र सुप्रसिद्ध वरिष्ठ स्त्री रोग विशेषज्ञ डा. नीना श्रेष्ठले नेरेसो, प्रादेशिक रक्त सञ्चार केन्द्रका प्रमुख उपेन्द्र रेग्मी र प्राविधिकलाई रगत संकलन गर्ने पाकेट हस्तारण गरी शुभारम्भ गरिएको उक्त रक्तदानका कार्यक्रममा अजिकल वि.क, कार्यक्रमपछि गोला प्रथाबाट उक्त उपहार पाउने महिला रक्तदातामा प्रभा पोखरेल र सरिता भण्डारी तथा पुरुष रक्तदातामा प्रितम शाह र शिवम् गुप्ता छन् । उपहार विजेताहरुलाई फाउण्डेसनले आफ्नै कार्यालयमा बोलाएर हस्तान्तरण गरिने जानकारी गोपाल नीना फाउण्डेसनका कार्यालय प्रमुख दिलिप गिरीले दिए ।

**ठूलो...**

अविरल वर्षापछिको प्रकोपमा परेर उपत्यकाका ३४ जनाले ज्यान गुमाएका छन् । कोशी प्रदेशमा ८ जनाको मृत्यु भएको छ भने ४ जना घाइते र ८ जना बेपत्ता भएका छन्। मधेस प्रदेशमा एक जनाको मृत्यु, २ जना घाइते र ४ जना बेपत्ता भएका छन्।

गृहमन्त्रालयका अनुसार सुरक्षाकर्मीहरूले ३ हजार जना बढीलाई उद्धार गरेका छन् । काठमाडौं, काभ्रे, सिन्धुली र मकवानपुरमा हेलिकोप्टरको माध्यमबाट उद्धार गरिएको छ । काठमाडौंको लाइफलाइनको रूपमा रहेका प्रमुख राजमार्गहरू बाढी र पहिरोका कारण अवरुद्ध भएका थिए। अवरुद्ध राजमार्गहरू बेलुकीदेखि पुनः सञ्चालनमा समेत आएका छन्। सुनकोशी नदीमा पानीको सतह बढ्दा उदयपुर र खोटाङ जोड्ने फोक्सिङ्टारको पुल बगेको छ ।

पानीको सतह बढ्दै जाँदा पुलको एउटा भाग बगेको छ । पुलको एउटा खम्बा पनि बगेको छ । यो पुलले खोटाङलाई प्रदेश राजधानी सहित देशका अरु शहरी क्षेत्रसँग जोड्ने गरेको थियो ।

वर्षाका कारण हुनसक्ने क्षतिलाई मध्यनजर गर्दै नारायणगढ-मुग्लिन-नागढुंगा सडकमा सवारी साधन सञ्चालनमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय चितवनले शनिबार सूचना निकालेर आइतबार बिहान ५ बजेसम्मका लागि सम्पूर्ण सवारी साधन सञ्चालनमा रोक लगाएको हो ।

कोशी ब्यारेजमा पानीको बहाब अत्यधिक बढेपछि पुलमाथिबाट पानी बगेको छ । बाढीको बहाव उच्च भएपछि कोशीमा सवारी आवतजावत पनि बन्द गरिएको हो। जल तथा मौसम विज्ञान विभागका अनुसार देशभरका ७७ स्थानमा अत्यधिक वर्षा मापन गरिएको छ ।

धेरैजसो स्थानमा २०० मिलिमिटरभन्दा बढी वर्षा भएको छ । अत्यधिक वर्षाका कारण बाढी, पहिरो र सडक भासिनेजस्ता घटनाहरू भएका हुन् । देशभरमा सबैभन्दा धेरै वर्षा चितवनको त्रिशूली कालीखोलामा २५० दशमलव ४ मिलिमिटर वर्षा मापन गरिएको छ ।

बागमती, कोशी, नारायणी र तिनाउ नदी बेसिनमा धेरै वर्षा मापन भएको छ। धेरै वर्षाका कारण जलप्रवाह बढेर बाढीको रूप लिएको हो । जसले खोला तथा नदी किनारमा घर गोठ, खेती बगाउने जस्ता घटनाहरू भएका हुन् ।

शनिवार साँझबाट वर्ष कम भएको छ। तर, पहिलेकै वर्षाका कारण विभिन्न भागहरूमा बाढी, पहिरो र सडक भासिने घटनाहरू भइरहेका छन् ।

**घाइतेको...**

बसेको मन्त्रिपरिषद्को बैठकले घाइतेको निशुल्क उपचार गर्ने निर्णय गरेको हो।

मन्त्री गुरुङका अनुसार जिल्ला विपद् व्यवस्थापन समितिहरू मार्फत राहत वितरणको काम समेत गरिनेछ।

हाल संचलन भइरहेका परीक्षाहरू स्थगन गर्ने, घाइतेहरूको नि:शुल्क उपचार गर्ने, तत्काल राहत उपलब्ध गराउने र अवरुद्ध सडकहरू अविलम्ब खुलाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पहल गर्ने निर्णय भएको हो।

बाढीपहिरोका कारण अवरुद्ध विद्युत्, खानेपानी र सञ्चार सञ्जाल चालु गर्न सम्बन्धित निकायले पहल लिने निर्णय पनि भएको छ ।

बाढी र पहिरोका कारण काभ्रे, सिन्धुपाल्चोक र ललितपुर लगायतका जिल्लामा मानवीय क्षति भएको छ ।

आइतबारसम्म वर्षाको सम्भावना भएको भन्दै गृह मन्त्रालयले नदी किनारमा रहेका मानिसहरूलाई सुरक्षित स्थानमा रहन र बाढी आउन सक्ने स्थानमा घरको भुइँतल्लामा नबस्न अनुरोध गरेको छ ।

**उपत्यकामै ...**

अनुसार सबैभन्दा बढी वर्षा ललितपुरको चापागाउँमा भएको छ । त्यहाँ २४ घण्टाको अवधिमा ३२३ मिलिमिटर वर्षा भएको छ । यसअघि २००२ मा २०० मिलिमिटर वर्षा भएको रेकर्ड छ।

काठमाडौंको पानीपोखरीमा ५३ वर्ष पुरानो रेकर्ड तोडिएको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार पानीपोखरीमा सन् १९७१ मा १९८ मिलिमिटर वर्षा रेकर्ड भएको थियो, यसपटक २२५.२ मिलिमिटर वर्षा मापन भएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नैकाप, नागार्जुन, चाँगुनारायण, बूढानीलकण्ठ, खोकना, जितपुरफेँदी र नङ्खेलमा पनि वर्षाको पुरानो रेकर्ड तोडिएको छ ।

बंगालको खाडीको उत्तरपट्टी न्यूनचापीय प्रणाली विकास भएको थियो । अर्थात् यो नेपालको नजिक थियो । यो प्रणाली उत्तरतिर हानिएको हुनाले यसले नेपालमा धेरै नै जलवाष्प ल्याएको हो ।

उपत्यकाका कैयन घरमा असर परेको छ। ललितपुर महानगरपालिकाको नगर प्रहरीका अनुसार नख्खु खोलाले प्रत्यक्ष रुपमा ३०० भन्दा बढी घरमा असर गरेको छ। आंशिक क्षति र पूर्ण क्षतिको विवरण संकलन हुन सकेको छैन ।

**वैदेशिक...**

भिसा प्राप्त भइसकेपछि र प्रस्थान गर्नुअघि मात्र दिइने गरिएको छ। महासचिव बस्नेतले भिसा आएका कामदारहरु परीक्षा फेल भएमा वा विदेश पठाउन नसके वैदेशिक रोजगार व्यवसायीहरुले ठूलो रकम भिसाको क्षतिपूर्ति बापत रोजगारदातालाई बुझाउनुपर्ने र दोहोऱ्याएर पुरानो रोजगारीको अवसर नेपालीले नपाइ अन्य मुलुकमा जाने खतरा पनि बढ्ने दाबी गरे ।

२ दिने तालिमलाई ३ दिने बनाउँदा कामदारहरुको सयम र रकमको थप बरबादी हुने भन्दै महासचिव बस्नेतले ३ दिनमात्रै पढेको भाषाले कामदारको वैदेशिक रोजगारी र अन्य दैनिक जीवनमा कुनै प्रभावकारिता ल्याउन र अर्थ राख्न नसक्ने भएकाले रकम बढाएर तालिम दिनु अर्थहीन भएको पनि बताए । उनले भने, 'सात सय रुपैयाँमा भइरहेको अभिमुखीकरण तालिम शुल्क ४ गुणा बढाएर २ हजार ८ सय बनाइँदैछ, यो सरासर केही सिण्डीकेटधारीहरुसँग सम्बन्धित सरकारी पक्ष समेतको मिलेमतो, चलखेल र नीतिगत षड्यन्त्र हो ।'

**दु:खले...**

अनिवार्य भनिएपछि चर्को विरोध भएको थियो । नेपालबाट सामान्य साक्षर कामदार वैदेशिक रोजगारमा गइरहेको अवस्थामा अंग्रेजी भाषा उत्तीर्णलाई मात्रै श्रम स्वीकृति दिने निर्णयले वैदेशिक रोजगारलाई निरूत्साहित गराउने कतिपयको भनाइ छ ।

**कृषि...**

समेत सहकर्ताको रुपमा पहिले लगेकाले थप कृषि क्षेत्रको अनुभव भएको छ ।

बीउमा गुणस्तर, रोग किरा सम्बन्धी ज्ञान, नयाँ प्रविधि, आधुनिकिकरण, गरेर खेतबारीमा देखाएपछि कृषक खेतीतर्फ आकर्षीत हुने गरेको उनको बुझाई छ।

कृषक पाठशालामा सबै कृषकहरुले प्रयोगात्मक कक्षा जस्तै बीउदेखी बीउसम्म सिकाई निरन्तर गर्ने गरेका छन् ।

पाठशालामा सिकाए अनुसार कृषि उपकरणहरु कृषकलाई दिन नसकिएकाले अहिले यन्त्रीकरण हुन नसकेको उनले बताए । यन्त्र उपकरणहरु समेत अनुदानमा दिनु पर्ने माग उनको छ । उनी भन्छन्, ' उपकरणहरु यसरी प्रयोग गर्नु पर्छ भनेर सिकाउछौं तर कृषकसंग हुँदैन् ।'

खेमराज अवस्थी मात्र हैन् पाठशालाबाट बैतडीको सुर्नाया गाउँपालिका ६ बस्ने ५५ बर्षीय धौली बोहराले तरकारी खेती गर्न थालेको करिब २२ वर्ष भयो । करिब २२ वर्ष अहिले श्रीमान गुमाएकी धौलीको सामाजिक र आर्थिक साहारा ढलेको अनुभव व्यवसायी कृषि खेतीले परिवर्तन गरेको छ । जिल्लाको सुर्नया गाउँपालिका ६ मोतीनगर बस्ने धौलीको जिवन धान्ने पेसा नै व्यावसायिक कृषि बनेको छ ।

हुन त उनले श्रीमान गुमाएपछि घर खर्च चलाउन र छोरालाई पढाउनका लागि कृषि कर्मबाहेक अरु थिएन् ।

नगद आम्दानीको स्रोत बन्द भएपछि खर्चका लागि सामान्य कृषि गर्दै आएकी धौलीको अहिले आम्दानीको मुख्य स्रोत नै कृषि खेती बन्नेको छ ।

बन्दा, काउली, सिमला मिर्ची, रायो, मुला फाउने कृषक बोहराको खेतमा अहिले ग्रीन क्राउन जातको बन्दाले खेत नै हरियाली भएका छन् ।

जलवायु उत्थानशिल कृषि खेती अबलम्बन गर्नाले समयमै उत्पादन गरेर बजारमा ल्याउन पाएपछि उनले बजार मात्र पाएन मुल्य पनि सोचे जस्तै पाएकी छन् ।

अहिले सुर्नया गाउँपालिका ६ मोतीनगर र मुसे गाउँका ४८ जना महिला जलवायु उत्थानशिल कृषि पाठशालाबाट कृषि उत्पादन बढाउन तथा कसरी जैविक विषादीबाटै रोगकिरा न्युनिकरण गर्न सकिन्छ भन्ने ज्ञान लिएका छन् ।

कृषि प्राविधिकले खेतबारीमै नमुना उत्पादन गरेर उत्पादनमा वृद्धी गरेर देखाएपछि धौलीसहितका ४८ महिला कृषक हर्षित छन्। यहाँका महिला कृषक अहिले जलवायु उत्थानशिल कृषितर्फ अग्रसर छन् ।

महिला उद्यमी समुह नै गठन गरेर जिवीकोपार्जनका हरेक पाटामाथि उनीहरुले छलफल समेत गरिरहेका हुन्छन् ।

कृषकका लागि कृषि पाठशाला एक बिद्यालय शिक्षा जस्तै बनेको छ । बदलिँदो मौसम तथा हावापानी सुहाउँदा परिवर्तित जलवायुसंग अनुकूलतिनहुन सक्ने तरकारी खेती गर्न नसक्दा यहाँका कृषकले कहिले मुल्य नपाउने समस्या त कहिले बारीमै कृषि उपजहरु कुहिने, रोगकिराले सखाप पर्ने समस्या भोग्दै आएका थिए ।

तर अहिले माटो सुहाउदो मौसम अनुसारको खेती समयमै लगाउन सिकेपछि व्यवसायीक कृषक बन्न सहज भएको कृषक खगेश्वरी भट्टले बताइन्।

उनले भनिन् 'बन्दा लगाउने समय नभइ कसरी बन्दा लगाउने उत्पादन हुन्छ की हाम्रो खेतहरु बाझौ हुन्छ भन्ने मनमा डर सधै हुन्थ्यो, अहिले राम्रो उत्पादन दिएपछि पाठशालाकै सिकाईहरु लागु गरी खेतीपाती गर्दै आएका छौँ ।'

वमन्स बैंक र एफसिएको आर्थिक सहयोग तथा साझेदार संस्था सामाजिक चेतना तथा विकास संघ (साडा) नेपालले महिला, दलित, अपांगता भएका व्यक्ति तथा पिछडिएका लक्षित वर्गहरुलाई आर्थिक तथा प्राविधिक सहयोग गरेर जलवायुमैत्री कृषि खेतीमार्फत जिविकोपार्जनतर्फ आर्कषण बढाएको कृषकहरुको भनाई छ ।

दुई महिला समूहका ४८ कृषकलाई अहिले ग्रीनक्राउन जातको बन्दा फलाउन समेत सम्पुर्ण तरिकाहरु जलवायुमैत्री रहेको छ । प्लाष्टीक मल्चिङले बाली नकुहिने तथा घाँस नउम्रने रोगकिराबाट बचाउन सकिने कृषि प्राविधिक दिपेश धामीले बताए ।

एफसिएको सहयोगमा साडा नेपालले बैतडीको सिगास र सुर्नया गाउँपालिकाका दुई स्थानमा कृषकलाई खेतबारीमै पाठशालमा मार्फत आधुनिक तथा जलवायु उत्थानशिल प्रविधिहरु सिकाएको छ ।

डडेल्धुराको गन्यापधुरा गाउँपालिकाले आफ्ना पाँचवटै वडामा कृषक पाठशालामार्फत कृषि शिक्षा दिइरहेको कृषि अधिकृत योगेन्द्र देउवाले बताए ।

राम्रो उत्पादनको नमुना देखेपछि मात्र कृषकले मकै, धान, गहुँ जस्ता परम्परागत खेती छोडेर नगदेबालीतर्फ आकर्षीत हुने देखिएको कृषि अधिकृत देउवाले बताए ।

प्रत्येक वर्ष कृषि पाठशालामार्फत कृषकलाई नयाँ प्रविधि सिकाउने गरेको कृषि ज्ञान केन्द्र डडेल्धुराका प्रमुख खेमराज पनेरुले बताए ।

कृषि ज्ञान केन्द्र र पालिका स्तरमै अल्झिएका कृषि प्रसार सेवालाई भुइँ किसानसम्म पुर्याउन साथै किसान तहमा रहेका परम्परागत ज्ञानको उपयोग गर्दै पर्यावरण मैत्री दिगो कृषि अभ्यासमा किसान स्वयंसेवकको अगुवाइ नयाँ आयामको सुरुवात गरेको कृषि ज्ञान केन्द्र प्रमुख पनेरुले बताए। कोठाबाहिर,खेतीपातीमा संलग्न किसानका व्यावहारिक सिकाइ नै सबै भन्दा महत्वपूर्ण सिकाइ हो। खेतीमा सर्मपतीत किसान नै सबै भन्दा विद्वान् गुरु हुन् भन्ने मान्यतामा आधारित कृषक पाठशालाको सुरुवात गरिएको छ ।

कृषक पाठशाला कृषि प्रसारको रुपमा स्थापित

कृषक पाठशाला कृषि प्रसारको स्थापित माध्यम हो । खेतबारीलाई सिक्ने र सिकाउने थलोका रूपमा विकास गरी व्यावहारिक तथा नवीनतम तौरतरिकाबाट एक बाली चक्रको सुरुबाट अन्त्यसम्म सहभागितामूलक तथा समावेशीरूपमा सुक्ष्म अध्ययन हुने गर्छ ।


"खोजमा आधारित" सिकाइको माध्यमबाट र वयस्क शिक्षा सिद्धान्त पालना गरेर कृषक पाठशाला सञ्चालन हुने गर्दछ। इन्डोनेसियामा सन् १९८९ मा किसानको खेतमा आयोजना भई एकीकृत रोग कीरा व्यवस्थापनको तालिम सञ्चालन गरेर सुरु भएको कृषक पाठशाला नेपालमा सन् १९९७ मा धानमा लाग्ने खैरो फड्के कीरा व्यवस्थापनबारे सिकाउन सञ्चालन भएको कृषि बिज्ञ डा. दिलबहादुर बिष्टले भनाइ छ ।

किसानको अगुवाइ तथा सहजकर्ताको निगरानीमा उनीहरूकै खेतबारीमा एकीकृत रोग कीरा व्यवस्थापनबारे तालिमबाट सुरुवात भएको कृषक पाठशाला अहिले जलवायु, पोषण, स्वास्थ्य, लैङ्गिकता, महिला सशक्तीकरण, प्रकोप जोखिम न्यूनीकरण, उद्यमशीलता जस्ता कृषि, वातावरण, खाद्य, सामाजिक मूल्य मान्यता तथा आर्थिक विकासका विभिन्न पक्षसँग सम्बन्धित विषयमा केन्द्रित भई सञ्चालन गर्ने गरिएको छ ।

कृषि अनुसन्धान केन्द्र तथा कृषि कार्यालयहरूमा किसानका लागि उपयुक्त भनी विकसित वा भित्रिएका विधि प्रविधि साँच्चै किसानको रुचि तथा आवश्यकताअनुरूप भए/नभएको परीक्षण गर्न, नतिजाअनुरूप आफ्नो भूगोल, सामाजिक तथा आर्थिक अवस्थाअनुसार उपयुक्त र दिगो प्रविधि छनोट गर्न र विस्तार गर्न पाठशाला प्रयोग हुन थालेको छ ।

# उद्धार तथा राहतमा जुट्न एमाले कार्यवाहक अध्यक्ष पोखरेलको अपिल

**काठमाडौं/मस–** नेकपा (एमाले) का कार्यवाहक अध्यक्ष ईश्वर पोखरेलले बाढीपहिरोका कारण मुलुकले ठूलो जनधनको क्षति बेहोर्नुपरेको भन्दै उद्धार तथा राहतमा जुट्न आग्रह गरेका छन् ।



पोखरेलले सरकारका सबै सम्बन्धित निकायहरू खासगरी सुरक्षा निकायहरूको व्यवस्थित परिचालन, सम्बन्धित मन्त्रालयहरू र निकायहरूको व्यवस्थित र समन्वयात्मक परिचालन आवश्यक रहेको बताएका छन् ।

एमालेको पार्टी पंक्ति उद्धार तथा राहतको काममा तत्परताका जुट्ने जानकारी दिँदै उनले पार्टी कमिटीहरू, जनप्रतिनिधिहरू र जनवर्गीय संगठनहरू समन्वयात्मक रूपमा परिचालन हुन आह्वान गरेका छन् । उनले अन्य राजनीतिक दलहरूलाई पनि उद्धार कार्यमा परिचालित हुन अनुरोध गरेका छन् । उनले भनेका छन्, 'सरकारका सबै सम्बन्धित अंगहरू खासगरी सुरक्षा निकायहरूको व्यवस्थित परिचालन, सम्बन्धित मन्त्रालयहरू र निकायहरूको व्यवस्थित र समन्वयात्मक परिचालन आवश्यक छ । यस दिशामा यथोचित ध्यान पुऱ्याउन सरकारसँग विशेष आग्रह छ । हाम्रो पार्टी - नेकपा (एमाले) का पार्टी कमिटीहरू, जनप्रतिन्धिहरू र जनवर्गीय संगठनहरू समन्वयात्मक रूपमा परिचालन हुन आह्वान गर्दछु ।'

आम नागरिकहरूमा आफ्नो आवतजावतमा समेत विशेष सतर्कता अपनाउन अनुरोध उनले आग्रह गरेका छन् । विपदमा परी ज्यान गुमाउने सबैप्रति श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दै उनले बेपत्ताहरूको अविलम्ब खोजी कार्य गर्न, घाइतेहरूको उपचारमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराएका छन् ।

# बाढीले बगाएको ग्याँस बुलेटको उद्योगमन्त्रीद्वारा निरीक्षण

**काठमाडौं/मस–** अविरल वर्षाले च्यासल क्षेत्रमा ग्यासको बुलेट बगाएपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले आयल निगमका अधिकारीसहित स्थलगत निरीक्षण गरेका छन् । शनिबार दिउँसो साढे १२ बजे च्यासल पुगेर उनले निरीक्षण गरेको आयल निगमको उपनिर्देशक मनोज ठाकुरले जानकारी दिए ।

'ग्यासको बुलेट नै बगाएर स्थानीयलाई ठूलो क्षति हुनसक्ला की भनेर मन्त्रीज्यूसहितको टोलीले निरीक्षण गरेका छौं' उनले भने, 'यो बुलेट ग्यास उद्योगको नभई टेम्पोमा रिफिलिङ गर्ने भ्याली अटो भन्ने कम्पनीको रहेको पुष्टि भएको छ ।'



१८ टन क्षमताको बुलेटमा ६ टन ग्यास रहेको अवस्थामा बाढीले बगाएको उनले जानकारी दिए । 'बाढीले बगाउँदा बुलेटको ढक्कनबाट ग्यास उठिरहेको दृश्य देखिएको थियो । यसरी उडेर करिब ६ टन ग्यास नष्ट भएको प्रारम्भिक अनुमान छ' ठाकुरले भने ।

च्यासलस्थित नेकपा एमालेको केन्द्रीय पार्टी कार्यालय छेउमा खाली बुलेट अड्किएर बसेको छ । पानी मत्थर भएपछि प्रहरीको सहायतामा बुलेट झिकिने उनले जानकारी दिए । मन्त्री भण्डारीसँगै वाणिज्य तथा आपूर्ती सचिव गोबिन्दबहादुर कार्की, आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्ट, नायब कार्यकारी निर्देशक विरेन्द्र गोइतलगायतको टोलीले स्थलगत निरीक्षण गरेको थियो ।

# 'लिम्बूवानहरूको आन्दोलन सुस्ताएको होइन लोकतान्त्रिक पद्धति अनुरूप स्वरूप फेरिएको हो'

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १२ असोज

आफ्ना हक अधिकारका लागि लिम्बूवानहरूको आन्दोलन सुस्ताएको नभइ लोकतान्त्रिक पद्धति अनुरूप शान्ति पूर्वक आन्दोलन जारी रहेको सलोराम नेपालका संघीय अध्यक्ष कुमार लिङ्देन 'मिराक' ले बताएका छन् ।



उनले विगत केही वर्षदेखि नेकपा एमालेका महासचिव शंकर पोखरेलले नेपाल दुई दलको मात्र हुने दाबी गर्दै आएको स्मरण गर्दै लिम्बूवानहरू हार्न नजानेको भूमिका सन्तान रहेको नबिर्सन लिङ्देनले आग्रह गरे । संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (सलोराम), संघीय लिम्बूवान प्रान्तीय मञ्च नेपाल अन्तर्गत संघीय लिम्बूवान सामाजिक मञ्च (सलिसाम) कतारको पाँचौं राष्ट्रिय महाधिवेशनको खुल्ला सत्रलाई शुक्रबार दोहामा सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

पहिचानवादी नेताका रूपमा परिचित लिङ्देनले १४१ राष्ट्रका नागरिकले प्रवासबाट आफ्नो देशमा मताधिकार प्रयोग गरिरहेको तथ्यांक रहेको बताउँदै कतारमा रहेका संघसंस्थाले पनि आफ्नो अधिकारका लागि लिखित पत्र लेखि दूतावासमार्फत नेपाल सरकार र निर्वाचन आयोगलाई दबाब दिन अनुरोध गरे ।

उनले आगामी निर्वाचनमा प्रवासबाट समानुपातिक कोटाका लागि मात्र भए पनि मत दिने सम्भावना रहेको बताउँदै मत दिँदा राष्ट्रवाद थप बलियो बन्ने विश्वास व्यक्त गरे । उनले नेपाली कांग्रेस र नेकपा एमालेको पछिल्लो राजनीतिक समीकरणमा समानुपातिक कोटा काटिन लागेकोप्रति कटाक्ष गर्दै चुनावमा ६० प्रतिशत प्रत्यक्ष र ४० प्रतिशत समानुपातिक प्रणाली बनाए पनि लोकसेवाको प्रतिस्पर्धामा प्रत्यक्ष ५५ प्रतिशत र समानुपातिक यानिकी मनोनीत ४५ प्रतिशत रहेको हुँदा दुई दललाई जनजाति दलित र पिछडिएका वर्गको राज्यमा भएको प्रवेशदेखि नसहेको उनको भनाइ थियो । उनले मञ्चले आफ्नो आगामी चुनावको घोषणा पत्र यही वर्षको अन्त्यमा सार्वजनिक गर्न लागेको बताए ।

नेपालमा विकास र समृद्धिका लागि मार्सल प्लानको आवश्यकता महसुस गरी मञ्चले ३० वर्षीय विकासको प्लान बनाएको बताए । मञ्चले सरकार जति फेरिए पनि प्लान फेर्न नमिल्ने गरी प्लानमा काम गरिरहेको बताउँदै नेपालमा भएका सबै दलले प्लान बनाएर अगाडि बढ्न आवश्यक रहेको बताए । पहिला नेपाली बन्न सके जातजाति धर्म लिंगका आधारमा पाउनुपर्ने अधिकारका लडाइँ लड्न सहज हुने बताउँदै लिङ्देनले नेपालका पहाडहरू खाली हुँदै गइरहेको हुँदा पहाडि जिल्लालाई राजधानी बनाउन ढिला भइसकेको प्रति असन्तुष्टि जाहेर गर्दै तराईमा मात्र प्रदेशका राजधानी सहरमुखी र सुलभ मुखी भएको उनको भनाइ थियो । लिम्बूवानदेखि खसाङ्सम्म समेट्दै ११ प्रदेश बनाउनुपर्ने मञ्चको माग रहेको बताउँदै सामाजिक सञ्जालको पासवर्ड सम्म नसाट्ने कमरेडहरूले साम्यवादको नारा बन्द गर्ने बेला आएको बताए ।

उक्त महाधिवेशनलाई संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सम्बद्ध संघीय लिम्बूवान मञ्च नेपाल अन्तर्गतको प्रवास कार्यसमिति युकेकी अध्यक्ष शर्मिला लिम्बू, मञ्च सम्बद्ध संघीय लिम्बूवान मञ्च नेपाल अन्तर्गतको प्रवास कार्यसमिति दुबईका अध्यक्ष भीम अधिकारीले समेत सम्बोधन गरेका थिए । कतारमा स्थापित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिसहित विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिसहित सामाजिक व्यक्तित्वहरूले महाधिवेशनलाई सम्बोधन गर्दै कतारका श्रमिकदेखि नेपालको केन्द्रीय राजनीति र मञ्चका गतिविधि माथि आफ्ना भनाइहरू राखेका थिए । डम्बर लुङ्गिम लिबाङले सहजीकरण गरेको महाधिवेशनमा कतारमा रहेका एक दर्जन कलाकारले साङ्गीतिक प्रस्तुति दिएका थिए भने मञ्चका विभिन्न गतिविधिमा सहयोग गर्ने विभिन्न व्यक्तित्वहरू सहित कलाकार र कतार बाहिरबाट आएका तीन जना पाहुनाहरूलाई समेत सम्मान गरिएको थियो ।

दुई चरणमा सम्पन्न महाधिवेशनको खुल्ला सत्रको समापन गर्दै मञ्चकी अध्यक्ष तथा कार्यक्रमकी सभापति रेखा राईले आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्ने सबैलाई आभार व्यक्त गरिन् । महाधिवेशनको दोस्रो अर्थात् बन्द सत्रबाट डम्बर लुङ्गिम लिबाङ 'मिसेक'को अध्यक्षतामा ४३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन भएको छ ।

# स्यार्पुतालको विकासमा तत्पर छौं : पूर्वमन्त्री केसी

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १२ असोज

कर्णाली प्रदेश सरकारका पूर्वआर्थिक मामिला तथा योजना मन्त्री एवम् प्रदेश सभा सदस्य महेन्द्र केसीले स्यार्पुतालको प्राकृतिक स्रोत नबिगार्न अनुरोध गरेका छन् । बाँफिकोट गाउँपालिका ३ र ५ मा फैलिएको कर्णाली प्रदेशको आकर्षक पर्यटकीयस्थल स्यार्पुतालको सुन्दरता मासेर विभिन्न संरचनाहरु बनाउने नाममा स्यार्पुको प्राण मास्ने काम भइरहेको उनको भनाइ छ ।

शुक्रबार १४औं स्यार्पु बृहत् खेलकुद, कषि, पर्यटन, व्यापार तथा सांस्कृतिक महोत्सव २०८१ को उद्घाटन गर्दै पूर्वमन्त्री केसीले पर्यटकको आकर्षण रहेको स्यार्पुतालमा आन्तरिक र बाह्य पर्यटकहरु भित्र्याएर आर्थिक समृद्धि हासिल गर्न
सकिने बताए ।





उनले प्राकृतिक सौन्दर्यता पर्यटनको विकास गर्न आवश्यक रहेको उल्लेख गरे । जिल्लाका विभिन्न स्थानमा रहेका प्राकृतिक श्रोत र साधनहरुको संरक्षण, प्रवर्द्धन र प्रचारमार्फत पर्यटनको विकास गर्न सकिने भएकोले सबैको सकारात्मक साथ र सहयोग हुनुपर्नेमा उनको जोड थियो । पर्यटन, कला र सस्कृतिको धनि जिल्ला रुकुम भएकोले यसको सदुपयोग गरेर समृद्धि हासिल गर्न सकिने केसीले जिकिर गरे । उनले पर्यटनमार्फत स्यार्पुतालको मुहार फेर्न सकिने सम्भावना रहेको र त्यसका लागि आफू मन्त्री हुँदा आवश्यक बजेटको व्यवस्थापन समेत गरेको जानकारी दिए ।

महोत्सवको उद्घाटन सत्रमा निमित्त प्रमुख जिल्ला अधिकारी विनोद रेग्मी, नेपाली कांग्रेसका जिल्ला उपसभापति हर्क सिं खत्री, नेकपा (एमाले) का जिल्ला सचिव शशिराम परियार, नेकपा (माओवादी केन्द्र) का नेता चन्द्रबहादुर केसी, राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता विनोद शाह, बाँफिकोट गाउँपालिकाका पूर्व अध्यक्ष धर्मबहादुर केसी लगायतले शुभकामना मन्तव्य राखेका थिए । गाउँपालिका अध्यक्ष जनककुमार बाँठाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा उपाध्यक्ष तारा बुढा केसीको स्वागत मन्तव्य रहेको थियो भने कार्यक्रमको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत गणेश कुमार बिकले गरेका थिए ।

कार्यक्रममा विभिन्न विद्यालयहरुले साँस्कृतिक प्रस्तुतीहरु राखेका थिए । बाँफिकोट गाउँपालिकाको आयोजनामा शुरु भएको महोत्सव असोज २३ गतेसम्म चल्ने बताइएको छ ।

# सुनवलमा एक सय बढी कुकुरलाई रेबिजविरुद्धको निःशुल्क खोप





**युवराज पुन/मध्यान्ह**
नवलपरासी, १२ असोज

विश्व रेबिज दिवसको अवसर पारेर नवलपरासीको सुनवलमा एक सय बढी कुकुरहरुलाई निःशुल्करुपमा रेबिजविरुद्धको खोप लगाइएको छ । नेपाल पशु सेवा प्राविधिक संघ (नेल्टा) नवलपरासीका अध्यक्ष दुर्गा भुसालको अध्यक्षतामा सुनवल २ सोमनाथ स्थित दियालो कृषि सहकारी संस्था लिमिटेडको प्राङ्गणमा प्राविधिक लुम्बिनी प्रदेश सदस्य बिमल ढकाल, जिल्ला सदस्य तुलसी प्रसाद ढकाल, नगर सदस्य कल्पना पौडेलको सहयोगमा स्थानीयहरुको विभिन्न जातका एक सय पाँच कुकुरलाई रेबिजविरुद्धको खोप लगाइएको हो ।

रेबिज दिवसको अवसरमा नेल्टाका केन्द्रीय उपाध्यक्ष लक्ष्मण प्रसाद घिमिरेले बिश्वलाई रेबिज मुक्त बनाऔं भन्ने उद्देश्यलाई लक्षित गरी खोप सहयोग गरिएको बताए । नेल्टाका लुम्बिनी प्रदेश सदस्यले स्थानीय सरकारको पहलमा भइरहेको खोप वितरणलाई स्थानीय सरकारले तोकेको स्थानमा सर्वसाधारणलाई समयमा पुग्न असहज हुने भएको हुनाले प्राविधिकलाई हरेक वडामा परिचालन गरिदिए जनतालाई सहज हुने भनाइ राखे ।

हार्दिक समवेदना



जन्म
वि.सं. १९९२/०१/२१

स्वर्गारोहण
वि.सं २०८१/०५/३०

स्व. अम्बिका प्रसाद उप्रेती

हाम्रा शुभेच्छुक, वैदेशिक रोजगार बोर्डको सचिवालयका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीका पिता अम्बिका प्रसाद उप्रेतीज्यूको ८९ वर्षको उमेरमा मितिः २०८१ भदौ ३० गते आइतबारका दिन स्वर्गारोहण भएको २०८१ असोज ११ गते १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैयधारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
परिवार

www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha News

HUAWEI

Huawei Technologies Nepal Company Private Ltd. is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions.

VACANCY

**1. Position: Wireless Engineer (Expert)**

**No. of Person required: 1**

**Job Responsibilities:**
- Deliver the wireless products from a product field and ensure the product installation, supervision and commissioning.
- Ensure delivery quality, progress, smooth operation and maintenance.
- Address tricky service problems in the respective product field, and lead the resolution of key problems.
- Deliver advanced courses for the product field, ensure that the serviceability measures can be adopted, and optimize delivery modes.
- Responsible for capacity planning, GSM frequency planning and frequency hopping by applying carrier/ interference (C/I) ratio analysis.
- Provide guidance for lower-level staff to improve their capabilities.

**Qualification:**
- Master's in Telecommunication Engineering / Electronics Engineering.
- Minimum 5 year or more experience in telecom project and familiar with Huawei equipment and network system.
- In depth understanding of global telecom industry.
- Should have good communication skills, ability to work in team, proactive and result oriented.
- Self-motivated, result oriented and a team player with good communications skills and attitude.
- Good Proficiency in English Language both spoken and written. Chinese language proficiency will be an added advantage.

**Interested Candidates for above position is requested to send Job application, CV and copy of educational certificates at nepal@huawei.com by 6th October, 2024. Preference will be given to Nepalese citizens.**

मध्यान्ह
www.madhyanhadaily.com

१३ असोज २०८१, आइतबार
29 September 2024, Sunday

## सम्पादकीय

# संकटमोचक सहकार्यको खाँचो

राजधानी उपत्यकामा शुक्रबार राति ५४ वर्ष यताकै उच्च वर्षा भएको छ । यसको अर्थ वर्षाको अभिलेख राख्न थालिएको सन् १९७० यताकै उच्च वर्षा शुक्रबार राति मापन भएको हो । शुक्रबार भन्दा पहिले २२ वर्ष अगाडि सन् २००२ मा उच्च वर्षा भएको थियो । ललितपुरको चापागाउँमा सन् २००२ मा २४ घण्टामा २००.५ मिलिमिटर वर्षा भएकोमा शुक्रबार ३२३ मिलिमिटर वर्षा भएको छ । यो रेकर्ड ब्रेक वर्षाबाट मानवीय क्षति पनि ठूलो सख्ंयामा भएको छ । राजधानी रहेको उपत्यकामा शुक्रबार रातिको वर्षाबाट ३४ जनाको मृत्यु भयो भने २१ जना बेपत्ता छन् । एक हजार ४५७ जनाको सकुशल उद्धार गरिएकोमा १५ जना घाइते छन् । विभिन्न खोलाहरूमा दुई हजार बढी घर डुबान हुँदा चार हजार बढी जनशक्ति परिचालन भएर उद्धार कार्य गरिएको थियो । ठूलो संख्यामा उद्धार कार्य हुँदा पनि बाढीले बगाएर बेपत्ता भएका दृष्यहरू सामाजिक सञ्जालभर देखिए ।

राजधानी उपत्यका रहेको बागमतीमा बाढी, पहिरो र डुबानको ठूलो समस्या देखियो । शनिबार रातिसम्म ७६ जनाको देशभर मृत्यु भएकोमा उपत्यका सहित बागमतीमा मात्र ६३ जना छन् । नागढुंगा मुनिका झ्याप्लेखोलामा पुरिएको दुई वटा बसबाट शनिबार साँझ १४ जनाको शव निकालिएको थियो । बागमतीपछि कोशीमा धेरै मानवीय क्षति भएको छ । प्रहरीका अनुसार कोशीमा १० जनाको मृत्यु, ९ बेपत्ता र २ घाइते छन् । बेपत्ताको संख्या शनिबार रातिसम्म देशभर गरी ७२ जना पुगेका छन् भने ३६ जना घाइते छन् । अविरल वर्षा नरोकिएकाले संभावित संकट पनि टरेको छैन । बाढी, पहिरो र डुबानमा परेर हराउनेहरूको खोजी चलिरहेकाले मानवीय क्षतिको अझै एकीन संख्या तयार भइसकेको छैन । तर मुलुकले असाध्यै ठूलो मानवीय क्षति बेहोर्नु परेको प्रष्ट छ ।

मनसुन उत्रने क्रममा भएको अत्याधिक वर्षाबाट पुगेको भौतिक क्षतिको विवरण अझ अत्यासलाग्दो आउने पक्का छ । राजधानी उपत्यकासँग जोडिने कुनैपनि सडक सकुशल नरहेको, पक्की पुलहरू बगाएको, पहिरोले बस्ती नै पुरेको, बजार डुबाएको जस्ता क्षतिको प्रारम्भिक विवरण मात्र संकलन भएको छ । यस्तो संकटका बेला सबै तहका सरकार र समुदायबीच सहकार्य आवश्यक छ । तत्काल उद्धारमा खटिनु सबैको दायित्व हो । उद्धार भइसकेपछि उपचार र राहतको आवश्यक व्यवस्था गरिनुपर्छ । आवश्यक सूचना दिएर उद्धार टोलीलाई सहयोग पुऱ्याउन हामी सबैको दायित्व हो । यसपछि पुनर्स्थापनामा केन्द्रीत हुनुपर्नेछ । पुनर्स्थापना र पुनर्निर्माणका निम्ति अपनाइने शैली र अध्ययनले अरू प्रकोपबाट बच्ने उपाय समेत पहिचान गर्न सक्नुपर्छ ।

# राजनीतिक घेराबन्दीमा कर्मचारीतन्त्र

अग्रलेख



● डा. दिबाकर वशिष्ठ




*अधिकांश मन्त्रालय र कार्यालयमा सिस्टमले भन्दा पनि राजनीतिक हस्तक्षेपले काम गर्ने गरेको छ, जसको कारण कार्यालयको काममा निर्णय प्रक्रियामा कुनै त्रुटि भयो भने मन्त्रीले उन्मुक्ति पाउने तर, कर्मचारी भने बलिको बोका हुने अवस्थाबाट कर्मचारी आजित भइरहेको यथार्थ जनजाहेर नै छ ।*

निजामती प्रशासन कोमामा गयो र कर्मचारी खराब हुन् भन्ने भनाई यदाकदा सुनिन थालेको छ । इमानदारीपूर्वक काम गर्ने कर्मचारी सधैँ अपहेलित हुनु परेको, नेताको घरदैलो चहार्ने र अनुकूल ठाउँमा गएर मनग्य कमाउने, सधैँ आकर्षक ठाउँमा सरुवा भइरहने र घुस खाने कार्यमा बढी संलग्न हुने, ट्रेड युनियनमा लागी काम नगर्ने, कार्यालयमा हाजिर गर्ने अनि प्राइभेट जब गर्ने, कार्यालय समयमा कामभन्दा बढी गफ गर्ने प्रवृत्ति निजामती सेवामा मात्र नभई मूलतः सरकारको स्वामित्वमा रहेका सार्वजनिक निकायहरूमा दशकौंदेखि चल्दै आएको छ भन्नेहरूको कमी छैन । आज जनअपेक्षित सार्वजनिक सेवा प्रवाह हुन सकेको देखिँदैन ।

बेलाबखतको सत्ता समीकरणमा बदलावसँगको मन्त्री आउने हुन र कस्तो व्यवहार देखाउने हुन भनेर कर्मचारीतन्त्र तरङ्गित बन्ने गरेका एकातर्फ छन् भने अर्कोतर्फ नयाँ सत्ता समीकरणले कर्मचारीतन्त्रमा पर्ने प्रभाव र असरकारबारेमा कर्मचारीबिच व्यापक छलफल चलिरहेको हुन्छ । राजनीतिक तहमा के-के कुरा मिल्दैन अनि पटक-पटक सरकार परिवर्तन हुन्छ, त्यसको असर कर्मचारीलाई पर्दछ र सबैको गोटी कर्मचारी हुनुपर्ने संस्कृतिको विकास भई कर्मचारीतन्त्र राजनीतिक घेराबन्दीमा परेको देख्न सकिन्छ ।

सरकार परिवर्तन पिच्छे आउने मन्त्रीहरूले आफ्नो दुनो सोझ्याउनको लागि आफूले भनेको मान्ने कर्मचारीको जोहो गर्ने परम्परा विगतदेखि नै चल्दै आएको छ । एक जना सचिव महिनैपिच्छे सरुवा भएको पनि सबैले महसुस गरेकै कुरा हो । सरकार परिवर्तनपिच्छे अबको कहाँ सरुवा हुने हो भन्ने मानसिकता निजामतीमा सचिवदेखि पियनसम्म र प्रहरी प्रशासनमा पनि हुने गरेबाट सबैभन्दा बढी असर सेवाग्राहीलाई पर्ने गरेको तर्फ सम्बन्धित निकाय बेलैमा सजग हुनुपर्ने देखिन्छ ।

सुरु-सुरुमा नयाँ मन्त्रीले नयाँ जोस र जाँगर देखाउने र सस्तो लोकप्रियताको नारा लगाउने कारण कर्मचारीतन्त्रमा भागदौड नै मच्चिने गरेको छ । वि.सं.२०४६ को जनआन्दोलन र गणतन्त्रपश्चात् कुनै पनि सरकार स्थिररूपमा चल्न सकेको छैन, त्यसैले पनि नेपाललाई राजनीतिक अस्थिरताको देश भनेर भन्नेहरू पनि मनग्य छन् । उक्त अवधिदेखि नै अधिकांश मन्त्रालय र कार्यालयमा सिस्टमले भन्दा पनि राजनीतिक हस्तक्षेपले काम गर्ने गरेको छ, जसको कारण कार्यालयको काममा निर्णय प्रक्रियामा कुनै त्रुटि भयो भने मन्त्रीले उन्मुक्ति पाउने तर, कर्मचारी भने बलिको बोका हुने अवस्थाबाट कर्मचारी आजित भइरहेको यथार्थ जनजाहेर नै छ ।

पटकै पिच्छे हुने सत्ता परिवर्तनले विकास निर्माण र गौरवका आयोजनाहरूलाई थप पछि धकेल्ने गरेको छ । कर्मचारीतन्त्रमा बढ्दो दलगत राजनीतिले विगतदेखि नै कार्यालयको कामभन्दा पनि होटेल वा क्यान्टिनमा बसेर अधिकांश कर्मचारी राजनीतिकै बारेमा बढी गफिने संस्कृतिको विकास भएको देखिन्छ, जसबाट राम्रो काम गर्ने कर्मचारीहरू विभिन्न सुविधालगायतमा विभेदको सिकार कारण दैनिक प्रशासन सञ्चालनसमेत चुनौतीपूर्ण बन्दै जानुको साथै जन साधारण र सेवाग्राहीमा समेत दिन प्रतिदिन कर्मचारीतन्त्रको कार्यशैलीप्रति असन्तुष्टि बढिरहेको देखिन्छ । सही समयमा सही व्यक्तिलाई सही ठाउँमा भर्ना गरी संगठनको क्रियाकलापहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न तय गरिएको व्यवस्थापकीय क्षेत्रलाई मानव संसाधन भन्ने गरिएता पनि यसको मर्मलाई आत्मसाथ गरेको देखिँदैन । संगठनको उद्देश्य प्राप्त गर्ने कुशलता र कार्य क्षमता भएका व्यक्तिहरूको समूह नै कर्मचारीतन्त्र हो, यो मुलुकको स्थायी सरकार पनि हो । यसलाई नियम/कानुनको पालना गर्ने गराउने गरी बिना हस्तक्षेप स्वतन्त्र ढंगले काम गर्न दिनु पर्दछ । त्यस्तै, कर्मचारी योजना, छनोट, दक्षता र योग्यता अभिवृद्धि, उत्प्रेरणा, तालिम, वृत्ति विकासलगायतका कार्यद्वारा संगठनको उद्देश्य हासिल गर्नुलाई नै कर्मचारीतन्त्रको पहिलो आवश्यकता हो ।

भर्ना, छनोट, सरुवा, बढुवा, घटुवा, अवकाश, तालिम तथा विकास, उत्प्रेरणा, पारिश्रमिक, स्वास्थ्य एवम् सुरक्षा जस्ता कर्मचारीसँग सम्बन्धित क्रियाकलापहरूलाई बिना हस्तक्षेप राजनीतिक प्रभावबाट मुक्त राखी व्यवस्थापन व्यवस्थापन गर्न सक्यो भने मात्र कार्यालयको उद्देश्य प्राप्त हुनेमा कसैको दुई मत नहोला । साधनहरूको प्रभावकारी प्रयोग, सङ्गठन प्रति कर्मचारीको लगाव वृद्धि, सङ्गठनमा संस्कृतिको व्यवस्थापन गर्ने, लक्ष्य मिलान, कर्मचारी अनुशासन र नैतिकता, परिवर्तन व्यवस्थापन गर्ने, संगठनको प्रणालीलाई लचकदार बनाउने लगायतका कार्यहरू कर्मचारी तन्त्रभित्र पर्दछन् ।

हुन त पत्रपत्रिका र विभिन्न सर्वेक्षणले ७० प्रतिशत कर्मचारीलाई कामचोर र ३० प्रतिशत पूर्णरूपका कार्यालयको काम गर्ने देखाएको र तिनै ३० देखि ४० प्रतिशत कर्मचारी जसले कार्यालयमा मरिमेटी काम गर्दछन् उनीहरूलाई नै सुविधामा विभेद गरिएको जानकारहरू बताउँदछन् । यसले एकातर्फ सुशासनको उपहास गरेको छ भने अर्कोतर्फ स्थायी सरकारको रूपमा रहेको कार्यालयको कर्मचारीको निर्णय प्रक्रियामा खासै भूमिका देखिँदैन । सत्ता पक्षीय राजनीतिक कार्यकर्ता, नेता, मन्त्रीलगायतले नेपालको कर्मचारीतन्त्रलाई नराम्रोसँग गिजोलेको हुँदा र काम गर्ने इमानदार कर्मचारीलाई अनाहकमा दुःख दिने र सुविधामा समेत विभेदको ठुलो असर देशको आर्थिक विकास र सेवाग्राहीलाई दिने सेवामा परेको तर्फ सम्बन्धित निकायको वेलैमा ध्यान जान जरुरी देखिन्छ ।

कर्मचारीतन्त्रको मुख्य उद्देश्य सङ्गठनमा उपलब्ध स्रोत र साधनहरूको प्रभावकारी प्रयोग गर्दै जनशक्तिको भर्ना योजना बनाउने, छनोट गर्ने र भर्ना भएका कर्मचारीलाई संगठनको बारेमा सामाजिकीकरण गर्ने हो । संगठनका कर्मचारीलाई तालिम दिने, उत्प्रेरणा जगाउने र संगठनप्रति गतिशील बनाउने जसलाई कर्मचारीको विकास पनि भन्ने गरिन्छ । कर्मचारीलाई उनीहरूको योग्यता र दक्षता र चाहाना एवम् संगठनको लक्ष्यअनुरूप काममा लगाउने र कामको मुल्यांकनसमेत समय समयमा गरिराख्नु पर्दछ । कर्मचारीको काम, पद र योग्यताको एवम् कार्य सम्पादन मूल्यांकनको आधारमा पुरस्कार, तलब र दण्ड सजायको साथै अवकाश पछि पाउने सुविधासमेतको व्यवस्था गर्ने । समय परिवर्तन भएअनुसार कर्मचारीको सीप र दक्षतामा परिवर्तन गर्दै जाने र उचित तालिम तथा वृत्ति विकासद्वारा उनीहरूको विकास गर्ने साथै कर्मचारीलाई उचित सम्मान तथा सन्तुष्टि र दिने कार्यसमेत कर्मचारीतन्त्र वा मानव संसाधन व्यवस्थापनले गर्नुपर्दछ । संगठनको लक्ष्य प्राप्तिको लागि कर्मचारीको अनुशासन र उत्पादकत्व वृद्धि पनि उत्तिकै जरुरी पर्दछ । नेपाल सरकारको २०८०/०८१ को बजेटमा समेत राष्ट्रसेवक कर्मचारीको मनोबल बढाउने, काममा उत्प्रेरित गर्ने, सेवा सुरक्षाको संरक्षण गर्ने, सरुवा र बढुवा प्रणालीलाई वैज्ञानिक बनाउने, भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिने, सेवाग्राहीसँग मित्रवत् व्यवहार गर्दै छिटोछरितो बिना पूर्वाग्रह सेवा दिने, फिडब्याक लिने जस्ता कार्यक्रमको घोषणा गरिएको भएता पनि यस्ता घोषण वर्षौं हुने गरेको तर, कार्यान्वयन भने करिब २५ प्रतिशत पनि नहुने प्रवृत्तिबाट कार्यरत कर्मचारी र सेवागाह्री आजित भएको देख्न सकिन्छ ।

बारम्बारको सत्ता परिवर्तनले कार्यालयको वातावरणमा पनि असर गरेको देखिन्छ । कार्यालय वातावरण भनेको कर्मचारीको काम गर्ने सेरोफेरो तथा वरिपरिको वातावरण अर्थात् भौतिक वातावरण मात्र नभई गैर भौतिक वातावरणले पनि कर्मचारीको उत्पादकत्व बढाउन उत्तिकै जिम्मेवार हुन्छ । मन्त्रालयको मन्त्रीले दिने निर्देशन र बनाउने नीति त्यस्तै कुनै पनि कार्यालय प्रमुखले दिने निर्देशन र उसको कर्मचारीप्रतिको व्यवहारलगायतले कर्मचारीलाई प्रत्यक्ष वा अप्रतक्ष्यरूपमा असर पारिरहेको हुन्छ । कार्यालय जतिसुकै राम्रो तरिकाले सुसज्जित र रूपाङ्कन गरिएको भएता पनि मन्त्री र कर्मचारी वा मन्त्री द्वारा नियुक्त कार्यालय प्रमुख र कर्मचारीबिच राम्रो समन्वय नहुँदा को कष्ट सेवाग्राहीले नै बढी भोग्नु पर्नेमा कसैको विमति नरहला । भौतिक वातावरण कार्यालयको जीवन भएता पनि कर्मचारीको सुखद, आरामदायक र काम गर्न उपयुक्त वातावरण सिर्जना गर्ने प्रमुख दायित्व मन्त्रालयमा मन्त्रीको हो भने कार्यालयमा कार्यालय प्रमुखको हो । पछिल्लो समय मन्त्रालय, विभाग, विभिन्न संघ संस्था तथा कार्यालयको नीतिगत निर्णयमा मन्त्रीस्तरिय संलग्नता भएता पनि अनुगमनकारी निकायलगायत अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत कर्मचारीकै दोष देखाउने र अदालतले पनि भ्रष्टाचारमा राजनीतिक तहलाई उन्मुक्ति दिने र कर्मचारीलाई दोषी ठहर गरी सजाय दिने प्रवृत्ति मौलाउँदै गएकोबाट आम कर्मचारीमा डर र त्रास सिर्जना भई बढी दोष आउन सक्ने विभाग वा कार्यालयमा सरुवा भएता पनि कर्मचारी हाजिर हुन नजाने प्रवृत्ति बढ्दै गएको देखिन्छ । यसले आम कर्मचारीको उत्पादकत्वमा ह्रास आई विकास निर्माण र सेवाग्राहीको कार्यमा समेत असर पर्ने कुरामा कसैको दुई मत नरहला ।

*(डा. वशिष्ठ, बैंक तथा वित्तीय संस्थाका जानकार हुन्, साथै जनप्रशासनका ज्ञाता पनि हुन् ।)*

## सामाजिक सञ्जाल



**- दमननाथ ढुंगाना**

प्रचण्ड पार्टी माओवादी सांसदवादी, एकीकृत मार्क्सवादी-लेनिनवादी सांसदवादी । नेपाली काँग्रेस कमजोर सांसदवादी । विचारधाराको लिगबाट कतिसम्म तल झरे हाम्रा मुख्य पार्टीहरू । यसो हुँदा पार्टी सत्ता सिकारी जस्ता भए । सिद्धान्त, नैतिकता भएन ।



**- सेतेमान तामाङ**

प्राकृतिक नियमअनुसार प्रकृतिले न घुस खान्छ, न ठग्छ उहीँ आफ्नो गन्तव्यतर्फ लाग्छन् । तर, काठमाडौँलगायत विभिन्न सहरहरूमा डुबान पर्नु नै खोलाको छेउ छेउको जग्गा-जमिन मिच्नु/प्लटिङ गर्नुको परिणाम हो । आ-आफ्नो नियममा हिँड्यो भने कसैले कसैलाई क्षति दिँदैन । आ-आफ्नो गन्तव्यतर्फ आफैँ लाग्छन् ।



**- नारायण अमृत**

मार्सी दाइकोमा देखिने भीड, पोर्न साइटका भिजिटर, निलो चोली उपन्यासको बिक्री संख्या, जापानका माइलाको लाइभमा देखिने फ्यान, गधाले गरिरहेको परिश्रमको मान्यता र आशिका तामाङको मोबाइलले सुधारिरहेको समाजको आयु-अर्थमा बहस गर्नुपर्दैन हो सोल्टी । गिट्टी जति बोरा भए पनि हिराको मानक अर्कै छ ।



**- मनिषलाल चुके**

सहकारी ठगहरू सयौँमा जेलमा छन् । अर्बौं ठगेर विदेश भागेका छन् । तर, सबै दलका शक्तिशाली सहकारी ठग/मतियारहरू चाहिँ किन पक्राउ पर्दैनन् ? सोसरह ठगी प्रमाणको आधारमा भुइँमान्छे सिधै जेलमा छन्, तर यी शक्तिशाली ठगलाई किन छुट ? रबि, धनराज, ऋषिको मात्र कुरा हैन सम्पूर्ण शक्तिशाली ठगहरूलाई किन नसमात्ने ?

## तपाईंको राशिफल

मेष : यश बढ्ने योग छ । अनावश्यक जिम्मेवारी लिनु हुँदैन ।

वृष : व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ । शैक्षिक प्रगति हुने देखिन्छ ।

मिथुन : स्वास्थ्य राम्रो रहनेछ । नयाँ कार्यमा सावधानी राख्नुहोला ।

कर्कट : अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला । वाहन सावधानी जरुरी छ ।

सिंह : आहारमा ध्यान दिनुहोला । परिश्रमबाट सफलता मिल्नेछ ।

कन्या : आध्यात्मिक कार्यमा रुचि बढ्नेछ । योजनाहरू तय हुनेछन् ।

तुला : सबै कार्यहरूमा सावधानी राख्नुपर्छ । प्रसिद्धिमा वृद्धि हुने योग छ ।

वृश्चिक : राजनैतिक कार्य सफल हुनेछ । सम्मानमा वृद्धि हुनेछ ।

धनु : कुनै पनि कार्यमा हतारमा नगर्नु होला । स्वास्थ्यमाथि ध्यान दिनुहोला ।

मकर : धार्मिक कार्यमा सहभागिता बढ्नेछ । विनम्रतापूर्वक कार्य गर्न राम्रो हुनेछ ।

कुम्भ : वाहन सावधानी राख्नुहोला । राजनैतिक सहयोग प्राप्त हुनेछ ।

मीन : जनसम्पर्कमा वृद्धि हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# पर्यटन प्रवर्द्धनको नारा र नेपालको अवस्था

विचार



● डा. विष्णुराज उप्रेती

यस वर्षको संयुक्त राष्ट्र संघको विश्व पर्यटन संगठनले तय गरेको नारा 'पर्यटन र शान्ति' रह्यो । यही नारा प्रबर्द्धन गर्न यो संगठनले संसारभर पर्यटन दिवस मनाउने र यी कार्यक्रमहरूमा पर्यटन र शान्तिबारे बहस चलाउने, समीक्षा गर्ने, पर्यटनलाई शान्तिमैत्री र युवा केन्द्रित बनाउने उद्देश्य राख्यो । यही क्रममा जर्जियाको राजधानी तिब्लिसीमा भव्यरुपमा विश्वका पर्यटन मन्त्रीहरू र पर्यटन क्षेत्रका ब्यक्तिहरू भेला भई पर्यटन दिवस मनाए । शान्ति र पर्यटनबीचको सम्बन्धलाई निम्न विभिन्न आयामसँग जोडेर हेर्न सकिन्छ ।

संसारभरको अनुभवले के देखाएको छ भने पर्यटनले शान्ति प्रबर्द्धन गर्न जनतालाई एकै ठाउँमा ल्याउँछ, अर्थतन्त्र सुदृढ गराउँछ र एक अर्का देश, भाषा, संस्कृतिबीच अनुभव आदान-प्रदान गर्दछ । यी सबै अभ्यासबाट द्वन्द्व समाधान र शान्ति प्रबर्द्धनमा प्रत्यक्ष योगदान पुऱ्याउँछ ।

पर्यटन यस्तो व्यवसाय हो जसले होटल, रेष्टुरेन्ट, टुर गाइड, ट्रेकिङ्ग, कृषि, यातायात, ऱ्याफटिङ्ग, क्लाम्बिङ्ग दर्जनौं पेशालाई एकै ठाउँमा सहकार्यको लागि ल्याउँछ । यसले गर्दा एकैचोटी धेरै स्थानीय मानिसले काम पाउँछन् । बेरोजगारी द्वन्द्वको कारण भएको र रोजगारीमार्फत द्वन्द्वको कारणको सम्बोधन भई शान्ति प्रबर्द्धनमा सहयोग पुऱ्याउँछ ।

संयुक्त राष्ट्र संघले तय गरेको १७ वटा दिगो विकासको लक्ष्यहरूमध्ये उद्देश्य १६ प्रत्यक्ष शान्ति प्रबर्द्धन, न्याय र सशक्त संगठनहरूको वकालत गर्दछ । त्यसैले यो उद्देश्यसँग पर्यटन र शान्ति पनि जोडिएको छ । पर्यटनले कसरी शान्ति प्रबर्द्धन गर्दछ भन्ने एउटा सशक्त उदाहरण ल्याटिन अमेरिकी देश कोष्टारिका पनि हो, जहाँ लगभग ५१ लख ३५ हजार जनसंख्या भएको देशमा वर्षको ३४ लाखसम्म पर्यटन जान्छन् ।

पर्यटनबाट स्थानीय मानिसले रोजगारी पाएपछि उनीहरूको सामाजिक, आर्थिक अवस्था सुदृढ हुँदै जाने र यसले उनीहरूलाई न्याय माथि पहुँच स्थापित गर्न, बालबच्चालाई शिक्षा दिन सहज भई यसले समाजमा सामाजिक न्याय स्थापना गर्न समेत मद्दत गर्दछ । यसरी आर्थिक असमानता घटाउँदै लैजाँदा यसले लोकतन्त्रको आधार समेत फराकिलो पार्दछ ।

शान्तिको अवधारणालाई पर्यटनका नीति, रणनीति, कार्ययोजना, गुरुयोजना र कानून तथा नियमावलीहरूमा समावेश गरी 'शान्तिमैत्री पर्यटन'को मूल मान्यता स्थापित गराउन आवश्यक छ । हालसम्म नेपाल सरकारका आधिकारिक दस्तावेजहरूमा शान्तिमैत्री पर्यटनको प्रष्ट परिभाषा, खाका र अवधारणा देखिँदैन । शान्तिमैत्री पर्यटनको अवधारणा विश्व पर्यटन परिषद्ले ल्याउनु आफैंमा राम्रो पक्ष हो र अव राष्ट्रहरूले पनि यो अवधारणालाई कार्यान्वयनमा लान सहजीकरण गर्न आवश्यक छ ।

नेपालको मौजुदा पर्यटन नीति पुरानो छ, समसामयिक र संघीयताको मर्मअनुरुपको छैन, पर्यटन क्षेत्रको गतिशीलता धान्न सक्ने खालको छैन । यसमा समन्वयको अभाव छ, ब्यवसायी र पर्यटकहरूलाई सहजीकरण र सहयोग गर्ने भन्दा नियन्त्रणमुखी छ । अब यी सबै कमीकमजोरीहरूको सम्बोधन गर्ने गरी पर्यटन प्रशासकीय सेवा एकद्वारबाट मात्र र छोटो समयमै उपलब्ध गराउने सुनिश्चिततासहित बनाउन आवश्यक छ ।

पर्यटन क्षेत्र अपेक्षाकृत परिणाम दिन नसक्नु, वार्षिक २५ लाख पर्यटकलाई सुविधा दिन सक्ने नेपालको अहिलेको क्षमता भएर पनि ९-१० लाख पर्यटक भित्राउन नसक्नु, नीजि क्षेत्र उत्साहित भएर लगानी गर्ने वातावरण नबन्नु र पर्यटन क्षेत्रको सम्भावनापूर्ण रुपमा उजागर गर्न नसक्नुमा नेपाल सरकारका नीति, कानून र संस्थागत संरचना समयसापेक्ष, पर्यटक सहयोगी र पर्यटनको निजी क्षेत्रका समस्या सम्बोधन गर्न नसक्ने भएरै हो । बर्षेनी करोडौ खर्च गर्ने नेपाल पर्यटन बोर्ड मन्त्रालयको छाँयामा छ, अपेक्षित रुपमा काम गर्न सकेको छैन । त्यसैले अव पर्यटन मन्त्रालय, पर्यटन बोर्ड, बिभागहरू समेतको एकद्वार पर्यटन सेवाको अवधारणा कार्यान्वयन गर्ने गरी पुनर्संरचना गर्ने, कानून, कार्यविधि र नीति पनि सोही अनुरुप तर्जुमा गर्ने गरी परिमार्जन आवश्यक छ ।

नेपालको पर्यटन क्षेत्रलाई यसको सम्भावनाअनुसार फस्टाउन दिने हो भने अवको नीतिले पर्यटनको क्षेत्रमा 'सार्वजनिक-निजी साझेदारी' मोडल कार्यान्वयनमा ल्याउन आवश्यक छ । पर्यटन यति बृहत्त छ कि यसको बिकासको लागि दूरदृष्टी, पूर्ण प्रतिबद्धता, सहयोगी नीति तथा कानून र पर्यटन क्षेत्रभित्र ब्यापक सहकार्य आवश्यक हुन्छ । यसमा सरकारले निजी क्षेत्र अटाउने र पर्यटन प्रबर्द्धन फस्टाउने गरी उपयुक्त वातावरण (ऐन-कानून, संस्थागत संरचना, नीति-कार्यनीति) बनाउन अपरिहार्य छ । अहिलेको अति प्रशासन केन्द्रित, स्वार्थ निर्देशित र नियन्त्रणको मान्यता र अभ्यासबाट सम्भव छैन । यसको परिवर्तनबाट मात्र नेपालमा 'शान्तिमैत्री पर्यटन' सुनिश्चित गर्न सकिन्छ । पर्यटन ब्यवसाय पारदर्शी, आचरणयुक्त, जवाफदेहीपूर्ण, पर्यटकमैत्री, राज्यका ऐन-कानून र नीति नियमसंगत तरिकाले सञ्चालन गर्ने काम पर्यटन ब्यवसायी/निजी क्षेत्रको हो भने यसको कार्यान्वयनको लागि आवश्यक पर्ने सबै वातावरण बनाई दिने राज्यको दायित्व र जिम्मेवारी हो ।

नेपालमा विश्वकै उच्च आठ वटा हिमाल सहित अग्लामध्यका सयौं हिमालहरू, सयौ हिमताल, खर्क, चरण, ठूला ताल, विश्वकै चर्चित मन्दिरहरू (लुम्बिनी, पशुपति आदि), विश्वकै थोरै भूपरिवेष्ठित देशमध्यको अति विविधता भएको देश नेपाल, संयुक्त राष्ट्र संघले विश्व शान्ति कायम गर्न पठाउने सेनाहरूमध्य सबैभन्दा धेरै सेनाहरू पठाउने देश, शान्ति पूर्ण रुपमा राजतन्त्रले गद्दी छोडेको देश, चीन र भारतजस्ता अति ठूला देशबीच अवस्थित देश भएकोले पनि विश्वका नागरिकको ध्यान नेपालले तान्न सक्छ । भारत र चीनमा आउने पर्यटकहरू मात्र हामीले नेपाल पनि ल्याउने वातावरण बनाउन सकेमा र विश्व भर हाम्रो यो विविधताको प्रचारप्रसार गर्न सकेमा नेपालमा वर्षको ५०-६० लाख पर्यटक भित्राउन सकिन्छ ।

# युक्रेनमा बढ्दो तनावको समयमा ट्रम्प र जेलेन्स्कीबीच भेटवार्ता



**काठमाडौं/एजेन्सी–** आसन्न अमेरिकी चुनावको सन्दर्भमा रुससँगको युद्धमा सहयोगी किएभलाई दीर्घकालीन अमेरिकी समर्थनबारे प्रश्न उठाउने क्रममा राष्ट्रपतिय उम्मेदवार एवं पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले शुक्रबार उच्चस्तरीय वार्ता गरेका छन्।

रिपब्लिकनले बारम्बार रुसका राष्ट्रपति भ्लादिमिर पुटिनको रक्षा गर्दै आएका घटनाको समीक्षा गर्दै विदेश नीतिका विज्ञहरुले ट्रम्पको दोस्रो कार्यकाल युक्रेनको रक्षाका लागि विनाशकारी हुने डर व्यक्त गरेका छन्।

जेलेन्स्कीले ट्रम्पको चुनावी प्रतिद्वन्द्वी कमला ह्यारिस र राष्ट्रपति जो बाइडेनसँग बिहीबार वासिङ्टनमा भेट गरेका थिए र दुबैले हाल संकटग्रस्त युक्रेनलाई समर्थन गर्ने वाचा गरेका छन्।

ट्रम्पले यस हप्ता जेलेन्स्कीलाई द्वन्द्व अन्त्य गर्न सम्झौता गर्न अस्वीकार गरेको आरोप लगाएका थिए। उनले दोस्रो कार्यकाल जितेमा शान्ति ल्याउने वाचा गरेका छन्।

एक घण्टाभन्दा कम समय चलेको बैठकअघि पूर्व अमेरिकी राष्ट्रपतिले जेलेन्स्कीसँगको आफ्नो गठबन्धनको प्रशंसा गरे। साथै राष्ट्रपति पुटिनसँग पनि आफ्नो सुमधुर सम्बन्ध रहेको बताए। सामाजिक सञ्जाल एक्समार्फत राष्ट्रपति जेलेन्स्कीले बैठक धेरै उत्पादक भएको बताएका छन्।

'मैले उहाँलाई हाम्रो विजय योजना प्रस्तुत गरें, र हामीले युक्रेनको अवस्था र हाम्रा जनताका लागि युद्धको नतिजाबारे राम्ररी समीक्षा गर्यौं,' जेलेन्स्कीले भने, 'धेरै विवरणहरू छलफल गरियो। यो बैठकका लागि म आभारी छु। न्यायपूर्ण शान्ति आवश्यक छ।'

जेलेन्स्की यस हप्ता संयुक्त राष्ट्र महासभाका लागि न्यूयोर्क आएका छन्। युक्रेनी नेताले बिहीबार ह्वाइट हाउसमा बाइडेन र ह्यारिसलाई तथाकथित आफ्नो विजय योजना प्रस्तुत गरेका थिए। बाइडेनले किएभका लागि लगभग ८ अर्ब डलरको नयाँ सैन्य सहायता घोषणा गरेका छन्।

यसैबीच अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले रुसी सेनालाई युद्ध सामाग्री निर्यात गरेको आरोप लगाउँदै शुक्रबार युक्रेनमा शान्ति स्थापना गर्ने चीनको मनसायप्रति प्रश्न उठाएका छन्। ब्लिन्केनले संयुक्त राष्ट्र महासभाको क्रममा चिनियाँ विदेशमन्त्री वाङ्ग यीसँग भेटवार्ता गरेका हुन्।

भेटका क्रममा चीनको कूटनीतिक प्रगतीलाई श्रेय दिँदै ब्लिन्केनले संयुक्त राज्य अमेरिकाले रुसलाई युद्धका लागि आवश्यक सामग्री निर्यात गर्ने चीनको व्यवहारप्रति चिन्तनशील रहने र वासिब्टनले थप प्रतिबन्धहरू लगाउन सक्ने चेतावनी दिएका छन्।

चीनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको युद्धनीतिलाई समर्थन गरिरहेको आरोप लगाएका छन्। 'बेइजिङले एकातर्फ आफूले शान्ति चाहने बताइरहेको छ, तर अर्कातिर द्वन्द्वको अन्त्य हेर्न चाहन्छ। यसले आफ्ना कम्पनीलाई कार्यहरू गर्न अनुमति दिइरहेको छ जसले वास्तवमा पुटिनलाई आक्रमण जारी राख्न मद्दत गरिरहेको छ, त्यो हुनु हुँदैन,' ब्लिन्केनले पत्रकार सम्मेलनमा भने।

'हाम्रो उद्देश्य रूसलाई चीनबाट अलग गर्नु होइन। उनीहरूको सम्बन्ध उनीहरूको व्यवसाय हो तर चीनले रुसलाई युद्ध जारी राख्न आवश्यक पर्ने कुरा प्रदान गरिरहेक छ, यो हामी र अन्य धेरै देशका लागि समस्याको कुरा हो,' ब्लिन्केनले भने।

शीर्ष अमेरिकी कूटनीतिज्ञले चीनले रुसलाई सैन्य उत्पादनका लागि आवश्यक ७० प्रतिशत मेसिन उपकरण र ९० प्रतिशत माइक्रोइलेक्ट्रोनिक्स प्रदान गरेको छ जसमा रकेट र युद्ध सवारी साधनहरू समावेश छन्।

बैठकका क्रममा वाबले युक्रेन द्वन्द्वमा चीनले सधैं शान्ति र संवादको वकालत गर्ने र राजनीतिक समाधानका लागि काम गर्ने बताएको बेइजिङको विदेश मन्त्रालयले शनिबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

चीनले रुसलाई प्रत्यक्ष रूपमा हतियार उपलब्ध गराएको छैन र सन् २०२२ मा रुसको आक्रमणपछि युक्रेनलाई अरबौं डलरको हतियार पठाएको संयुक्त राज्य अमेरिकाको विपरीत रहेको विज्ञप्तिमा जनाइएको छ।

सुरक्षा परिषद्को मंगलबार आयोजित एउटा सत्रमा वाबले भने, 'चीन युक्रेन संकटको सृष्टिकर्ता होइन, न त हामी यसको पक्ष हौं' भने चीन सधैं शान्तिको पक्षमा उभिएको छ।'

# इजरायली हवाई आक्रमणमा हिजबुल्लाह नेता नसरल्लाहको मृत्यु


**काठमाडौं/एजेन्सी–** लेबनानको इरान समर्थित हिजबुल्लाह समूहले आफ्ना नेता हसन नसरल्लाहको मृत्यु भएको शनिबार पुष्टि गरेको छ। हिजबुल्लाहले लेबनानको राजधानी बेरुतस्थित आफ्नो मुख्यालयमा इजरायली आक्रमणमा नसरल्लाह मारिएको जनाएको हो।

हिजबुल्लाहले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हिजबुल्लाहका महासचिव सैयद हसन नसरल्लाहले आफ्ना महान्, अमर शहीद कमरेडहरूसँग सामेल हुनुभएको छ। उहाँको मृत्यु भएको छ।' नसरलाहले तीन दशकभन्दा बढी समयदेखि हिजबुल्लाह समुहको नेतृत्व गरेका थिए। इजरायली सेनाले लामो समयदेखि यो आक्रमणको योजना बनाइरहेको बताएको थियो। इजरायलले ६४ वर्षीय नसरुल्लाहलाई कैयौं इजरायली सैनिक र सर्वसाधारणको हत्याका लागि जिम्मेवार ठहऱ्याएको छ।

इजराइलले हिजबुल्लाहका नेता हसन नसरल्लाहको हत्या भएको दाबी गरेपछि इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले सामाजिक सञ्जाल एक्समा एक विज्ञप्ति जारी गर्दै लेबनानमा इजरायली आक्रमणबारे आलोचना गरेका थिए।

वर्षौंदेखि इरानले हिजबुल्लाहलाई सैन्य र आर्थिक सहयोग प्रदान गर्दै आएको आरोप इजरायलले लगाउँदै आएको छ।

# स्पेसएक्सले फसेका अन्तरिक्ष यात्रीलाई फर्काउन फाल्कन–९ पठाउने



**काठमाडौं/एजेन्सी–** अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा महिनौंदेखि फसेका अमेरिकी अन्तरिक्ष यात्रीलाई स्वदेश फर्काउने 'स्पेसएक्स मिसन' मा शनिबार फाल्कन ९ रकेटको प्रक्षेपण गरिने नासाले जनाएको छ। फाल्कन ९ रकेटको प्रक्षेपण फ्लोरिडाको केप क्यानाभेरलबाट स्थानीय समय अनुसार शनिबार दिउँसो १:१७ बजे हुनेछ। रकेटले प्याडको पहिलो प्रयोग चालक दल मिशनको लागि गर्नेछ भने एउटा नयाँ लन्च प्याड प्रयोग गर्नेछ। यानमा नासाका अन्तरिक्ष यात्री निक हेग र रुसी अन्तरिक्ष यात्री अलेक्जेन्डर गोर्बुनोभ सवार हुनेछन्।

फेब्रुअरीमा अन्तरिक्ष स्टेशनबाट फर्किँदा उनीहरूले दुई अन्तरिक्षविद् बुच विल्मोर र सुनी विलियम्सलाई फिर्ता ल्याउनेछन्। बोइङ-डिजाइन गरिएको अन्तरिक्ष यान (स्टारलाइनर) मा आएको समस्याका कारण उनीहरूको इन्टरनेशनल स्पेस स्टेसन (आईएसएस) को बसाइ महिनौंसम्म लम्बिएको थियो।

विल्मोर र विलियम्सलाई गत जुनमा आईएसएसमा पुऱ्याउँदा नयाँ विकसित स्टारलाइनरले आफ्नो पहिलो उडान गरेको थियो। उनीहरू त्यहाँ केवल आठ दिनको बसाइका लागि हुनुपर्ने थियो, तर त्यहाँ उडानको क्रममा स्टारलाइनरको प्रोपल्सन प्रणालीमा समस्या देखा परेपछि नासाले योजनामा आमूल परिवर्तन गर्न बाध्य भएको थियो।

स्टारलाइनरको विश्वसनीयताको बारेमा हप्तौंको गहन परीक्षणपछि, अन्तरिक्ष एजेन्सीले अन्ततः यसलाई आफ्नो चालक दल बिना पृथ्वीमा फर्काउने निर्णय गरेको थियो। नासाले स्पेसएक्स मिशन क्रू ९ मा फसेका दुई अन्तरिक्ष यात्रीहरूलाई घर फिर्ता ल्याउने निर्णय गरेको छ। नासाका सह प्रशासक जिम फ्रीले भने, 'हामीलाई थाहा छ योजना अनुसार चालक दलका सदस्यहरूलाई दोस्रो मिसनमा सार्नका लागि केही अनौठो हुनेछ। म स्पेसएक्सलाई उनीहरूको सहयोग र लचिलोपनको लागि धन्यवाद दिन चाहन्छु।' अर्बपति एलन मस्कद्वारा स्थापित निजी कम्पनी स्पेसएक्सले आईएसएस चालक दलका सदस्यहरूलाई घुमाउन अनुमति दिन प्रत्येक छ महिनामा नियमित मिसनहरू उडान गर्दै आएको छ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तश्रो पटक प्रकाशित मिति २०८१/०६/१३

यस कम्पनीको मिति २०८१/०२/०३ मा बसेको विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी क्लब भोल्क्यनो प्राइभेट लिमिटेड (Club Volcano Private Limited) (दर्ता नं. ३०८७२७) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्राको कार्यालयको मिति २०८१/०२/०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी जुनकिरी इभेन्टस् एण्ड रिसेप्सन्स् प्राइभेट लिमिटेड (**Junkiri Events and Reception Private Limited**) कायम गरिएको जानकारी गराईन्छ।


# स्पेनमा डुंगा डुब्दा हुँदा ९ आप्रवासीको मृत्यु, ४८ बेपत्ता



**काठमाडौं/एजेन्सी–** स्पेनको क्यानरी टापुमा आप्रवासी बोकेको डुंगा दुर्घटना हुँदा कम्तीमा नौ जनाको मृत्यु हुनुका साथै ४८ जना बेपत्ता भएको राष्ट्रिय सामुद्रिक उद्धार सेवाले शनिबार जनाएको छ।

एटलान्टिक द्वीपसमूहको एक टापु 'एल हिएरो'बाट मध्यरातपछि आएको आपतकालीन फोनको जवाफ उद्धारकर्ताले दिएपछि ८४ जना सवार डुंगाबाट २७ जनालाई उद्धार गरिएको एक विज्ञप्तिमा जनाइएको छ।

आप्रवासीहरू मुख्य भूमि युरोप पुग्ने आशामा क्यानरी पार गर्ने क्रममा उक्त क्षेत्रमा सेप्टेम्बरको सुरुमा ३९ जना आप्रवासीको मृत्यु भएको थियो। हालैका वर्षहरूमा हजारौं आप्रवासीहरूले युरोप पुग्नका लागि खचाखच भरिएका र प्रायः जीर्ण डुंगाहरूमा एटलान्टिक महासागरमा यात्रा गर्ने गरेका छन्।

क्यानरीका क्षेत्रीय अध्यक्ष फर्नान्डो क्लाभिजोले एक्समा लेखेका छन्, 'पछिल्लो त्रासदीले एटलान्टिक मार्गको खतरनाक यात्रालाईलाई फेरि उजागर गरेको छ।'

'युरोपको दक्षिणी सीमाबाट केही मिटरको दूरीमा मानिसको ज्यान जाने भएकाले संरचनागत मानवीय त्रासदीको सामना गर्न स्पेन र इयूले निर्णायक कदम चाल्नुपर्छ,' उनले भने।

अगष्टको अन्त्यतिर स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले मौरिटानिया र गाम्बियाको भ्रमण गरी मानव तस्करमाथि कारबाही गर्न सहयोग गर्ने सम्झौतामा हस्ताक्षर गरेका थिए। सन् २०१९ को अगष्ट १५ सम्ममा २२ हजार ३०४ आप्रवासी क्यानरी पुगेका छन् भने अघिल्लो वर्षको सोही अवधिमा नौ हजार ८६४ आप्रवासी क्यानरी पुगेका थिए।

सन् २०२३ मा करिब ४० हजार आप्रवासीहरू क्यानरीमा प्रवेश गरेका थिए। सेप्टेम्बरदेखि आवागमनमा सजिलो हुने अवस्थाले समुद्र पार गर्नेको सङ्ख्यामा वृद्धि हुने गर्छ।

संयुक्त राष्ट्रसंघीय निकाय इन्टरनेसनल अर्गनाइजेसन फर माइग्रेसन (आइओएम)का अनुसार सन् २०१४ यता यो मार्गमा चार हजार ८५७ जनाको मृत्यु भएको छ। तर आप्रवासीलाई सहयोग गर्ने स्पेनी गैरसरकारी संस्था 'क्यामिनान्डो फ्रन्टेरास'ले युरोप पुग्ने क्रममा १८ हजार ६८० जनाभन्दा बढीको मृत्यु भएको तर उक्त तथ्यांक आइओएमको औपचारिक रेकर्डमा नआएको बताएको छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०६/१३**

बि.जि. मार्ट प्रा.लि.को २०८१/०६/०४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि.जि. मार्ट एण्ड हस्पिटालिटि प्रा.लि. (प्रा.लि. नं.: ३५१९२३)** कायम गर्ने गरी मिति २०८१/०६/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## वन पैदावर बोलपत्र लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना

**सूचना प्रकाशन मिति : २०८१/०६/१३ गते**

श्री बुढोबेताल सामुदायिक वन उपभोक्ता समूह, गौरीगंगा न.पा.-०५, कैलालीको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको साल जातको गोलिया काठ ए ग्रेड १ थानको १३.१२ क्यूफिट, बी ग्रेड ६ थानको ७४.५० क्यूफिट, सी ग्रेड ८ थानको २९.३९ क्यूफिट गरि कूल १५ थानको ११७.०१ क्यूफिट र सिसौ जातको गोलिया काठ ए ग्रेड २ थानको ४६.३७ क्यूफिट, बी ग्रेड ३ थानको १९.७२ क्यूफिट, सी ग्रेड १ थानको २.९१ क्यूफिट गरि कूल ६ थानको ६९.०० क्यूफिट र खयर जातको गोलिया काठ ५९ थानको ४४७.६२ क्यूफिट काठ र हल्दु जातको गोलिया काठ ए ग्रेड ८ थानको २०९.७९ क्यूफिट काठ र मिश्रित दाउरा ०.५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री बुढोबेताल सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, गौरीगंगा न.पा.-०५, मसुरिया सव डिभिजन वन कार्यालय बढैपुर, कैलालीको सूचना पार्टीमा टाँस गरिएको छ।

**श्री बुढोबेताल सामुदायिक वन उपभोक्ता समूह**
**गौरीगंगा न.पा. वडा नं.-०५, कैलाली**

## साइप्रसमा रोजगार

कम्पनी: **M.PHILIPPOU EPLOYMENT AGENCY** शहर: Cyprus

पूर्व स्वीकृत मिति: २०८१/०३/१९ | चलानी नं.: ६०२२१८६६ | **LT. No.: 307158** | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 7 | 0 | स. काममा दक्ष | 900 | १३४,५४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २० गते (6 October 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. २५,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

License No.: 1406/074/075

**KALINCHOK H. R. PVT. LTD.**
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

## जापानमा रोजगार

कम्पनी : **LINX CO-OPERATIVE** | शहर : **TOKYO** | पुन: विज्ञापन
पूर्व स्वीकृत मिति: २०८१/०३/०२ | चलानी नं.: ६०२२१३५१ | Lt. No.:306270

| सि.न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Architecture | 1 | 164667 | १५३,६३४ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छैन | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २० गते (6 October 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च** : नि:शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ।

**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्।
५) अनिवार्य रुपमा विमा गराउनुहोस्।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ।
८) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस्।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**■ जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ।**

**Kizuna H.R.Solutions Pvt.Ltd.**
श्रम इजाजत नं.: १६१२/०७९/०८०
Tokha-7, Kathmandu, Nepal, Mobile: 9841977451, E-mail: info@kizunahrsolution.com.np


# ५० हजारभन्दा बढी व्यक्ति लेबनानबाट सिरियातर्फ पलायन



**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघीय शरणार्थी प्रमुख फिलिप्पो ग्रान्डीले लेबनानमा इजरायली हवाई आक्रमण बढेपछि ५० हजारभन्दा बढी मानिस सिरियातर्फ भागेको शनिबार बताएका छन्।

'लेबनानमा बसोबास गर्ने ५० हजारभन्दा बढी लेबनानी र सिरियाली नागरिक इजरायली हवाई आक्रमणबाट भागेर सिरिया प्रवेश गरेका छन्,' ग्रान्डीले भने। उनले आक्रमणका कारण लेबनानभित्र दुई लाखभन्दा बढी मानिस विस्थापित भएको बताए।

युएनएचसीआरका एक प्रवक्ताले लेबनानमा कुल विस्थापितको संख्या दुई लाख ११ हजार ३१९ पुगेको र इजरायलले सोमबार नाटकीय रूपमा हवाई आक्रमण बढाएयता एक लाख १८ हजार रहेको बताएका छन्।

गत अक्टोबर ७ मा हिजबुल्लाहको प्यालेस्टिनी सहयोगी हमासले इजरायलमाथि आक्रमण गरेको एक दिनपछि लेबनानबाट हिजबुल्लाहका लडाकूले सीमापार आक्रमण शुरु गरेको र प्रतिवादमा इजरायलले गाजा पट्टीमा आक्रमण शुरु गरेपछि लाखौं गाजाबासीहरू आफ्नो घर छोडेर पलायन हुन बाध्य भएका थिए।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलले गाजाबाट आफ्नो अभियानको ध्यान लेबनानमा केन्द्रित गरेको छ। लेबनानमा सोमबार भएको भारी बमबारीमा ७०० भन्दा बढी व्यक्तिको मृत्यु भएको छ।

लेबनानमा सन् १९७५ देखि १९९० सम्म चलेको गृहयुद्धपछिको यो सबैभन्दा घातक दिन बनेको थियो भने शुक्रबारको आक्रमणमा हिजबुल्लाह नेता नसरल्लाहको लेबनानमा मृत्यु भएको थियो।

ग्रान्डीले भने, 'दुवै सरकारको समन्वयमा सबै खाँचोमा परेकाहरूलाई सहयोग गर्न यूएनएचसीआरसहितका समूहको राहत कार्य जारी छ।'

मध्यान्ह
www.madhyanhadaily.com
१३ असोज २०८१, आइतबार
29 September 2024, Sunday

# बक्स अफिस समाचार

## ‘पूर्ण बहादुरको सारङ्गी’को दोस्रो गीत सार्वजनिक

**काठमाडौं/मस-** चलचित्र ‘पूर्ण बहादुरको सारङ्गी’को दोस्रो गीत सार्वजनिक भएको छ। निर्माणपक्षले शनिबार चलचित्रको दोस्रो गीत युट्युब च्यानलमार्फत सार्वजनिक गरेको हो। ‘दाहिने हातैमा’मा बोलको गीतमा शब्द, संगीत तथा स्वर प्रशान्त शिवाकोटीको छ। गीतले सिनेमाका प्रमुख पात्रहरूको जीवनको कथा भनेको छ। रातबिहान होस् वा घाम अथवा झरी रुझ्दै र घाममा टट्दिै गाउँगाउँ हिँड्नु परेको गन्दर्भको यथार्थ गीतले प्रष्ट पारेको छ।

गीतले दुःख मात्रै होइन प्रेमको कुरा पनि गरेको छ। लुकीलुकी चौतारीमा मायालुसँग भेटेको प्रसंग गीतले समेटेको छ। मायालुको बखान गरेको गीतले मायाको छेउमा पुग्दा सपनीबाट ब्युझिएको प्रष्ट पार्दै ड्रिम सिक्वेन्स भएको जानकारी दिएको छ।

यो गीत सुनाउँदै गर्दा चलचित्रमा मुख्य पात्र विजय बराल, मुकुन भुसाल, अञ्जना बराइली, बुद्धि तामाङ, देशभक्त खनाललगायत कलाकार देखिन्छन्। उनीहरू घरघर गएर गीत गाइरहेको भिडियोमा देखिन्छ।




यसअघि चलचित्र ‘पूर्ण बहादुरको सारङ्गी’को गीत ‘काँधेकुरी’ सार्वजनिक भएको थियो। सरोज पौडेलको लेखन तथा निर्देशन रहेको चलचित्र कात्तिक १५ गते रिलिज हुँदैछ। चलचित्रमा विजय बराल, प्रकाश सपूत, मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, अलिसा बास्तोला, स्वायम् केसी, जान्वी पौडेललगायतको अभिनय छ।

चलचित्रको थिम पोस्टरले नै उत्सुकता जगाएको सिनेमाको टिजर सार्वजनिक भएपछि हाइप बढाएको छ। टिजरले नै प्रतिक्षित बनाएको चलचित्रको गीत पनि मर्मस्पर्शी रहेका छन्। सेभेन सिस सिनेमा र बासुरी फिल्मसको प्रस्तुति रहेको चलचित्रमा विनोद पौडेल र प्याट्रिक सुवेदी निर्माता हुन्।

यो चलचित्रलाई नेपाल र अन्तर्राष्ट्रिय रूपमा सेभेन सिज इन्टरटेनमेन्टले वितरण गर्दै छ। सोसल-ड्रामा जनरा निर्माण भएको चलचित्रले गन्धर्व परिवारको कथामा आधारित रहेको छ। सिनेमाको पटकथा तथा संवाद महेश दवाडीले लेखेका छन्। विनोद र प्याट्रिकको लगानी रहेको सिनेमाका कार्यकारी निर्माता रमेश चौलागाईं, हरि श्रेष्ठ र रमेश ढकाल हुन्।

---

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०६/१३**

यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय बाट तपशिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपशिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा ०८ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

### तपशिल

| १. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : दया राम भण्डारी**<br>बाबु : नन्द बहादुर भण्डारी<br>बाजे : पल बहादुर भण्डारी<br>ना.प्र.नं. : ६७३८<br>जारी मिति : २०४२/११/१६, जि.प्र.का : भक्तपुर<br>ठेगाना : भक्तपुर जिल्ला, बाल्कोट नगर/गाउँ पञ्चायत वडा नं. ८। | **व्यक्तिगत जमानिकर्ता : सन्जीव भण्डारी**<br>बाबु : दयाराम भण्डारी<br>बाजे : नन्द बहादुर भण्डारी<br>ना.प्र.नं. : २९-०१-०६८-०००२४<br>जारी मिति : २०६८/०१/०४, जि.प्र.का : भक्तपुर<br>ठेगाना : भक्तपुर जिल्ला, बालकोट गा.वि.स. वडा नं. ०८। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री दया राम भण्डारी**) को नाममा दर्ता कायम रहेको SUZUKI COMPANY बाट उत्पादित मोडेल Lets, इन्जिन नं. AE21-1026602 च्यासिस नं. MB8CE46AHE8128098 दर्ता नं. वा ६८ प ६५५४ को एक थान। | |

| २. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : कृष्ण बहादुर प्रजापति**<br>बाबु : रत्न बिर प्रजापति<br>बाजे : बुद्धमान प्रजापति<br>ना.प्र.नं. : २५३६१<br>जारी मिति : २०५६/९/२८, जि.प्र.का : भक्तपुर<br>ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर उ.म.न.पा. / गा.वि.स. वडा नं. ७। | **व्यक्तिगत जमानिकर्ता : पुरुषोत्तम प्रजापति**<br>बाबु : कृष्ण बहादुर प्रजापति<br>बाजे : रत्न बिर प्रजापति<br>ना.प्र.नं. : ४२३७<br>जारी मिति : २०५३/०६/१३, जि.प्र.का : काठमाण्डौं<br>ठेगाना : काठमाण्डौं जिल्ला, काठमाण्डौं उ.म.न.पा/ गा.वि.स वडा नं. १८। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री सौरभ भण्डारी**) को नाममा दर्ता कायम रहेको SUZUKI COMPANY बाट उत्पादित मोडेल Lets, इन्जिन नं. AE21-1062405 च्यासिस नं. MB8CE46AFF8160677 दर्ता नं. वा ६७ प ५७८१ को एक थान। | |

| ३. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : प्रभासराज गिरी**<br>बाबु : कृष्णराज गिरी<br>बाजे : दशरथ राज गिरी<br>ना.प्र.नं. : २४१०५०/११४५८<br>जारी मिति : २०६५/११/२८,<br>जि.प्र.का : सिन्धुपाल्चोक<br>ठेगाना : सिन्धुपाल्चोक जिल्ला, कदमबास गा.वि.स./उ.म.न.पा. वडा नं. ०४।<br>हाल : भक्तपुर जिल्ला, मध्यपुर न.पा. वडा नं. १६। | **व्यक्तिगत जमानिकर्ता : राम गिरी**<br>बाबु : हरिचन्द्र गिरी<br>बाजे : दशरथ राज गिरी<br>ना.प्र.नं. : २४१०५०/१९५<br>जारी मिति : २०६८/२/१६, जि.प्र.का : सिन्धुपाल्चोक<br>ठेगाना : सिन्धुपाल्चोक जिल्ला, कदमबास गा.वि.स. / उ.म.न.पा. वडा नं. ०४। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री प्रभासराज गिरी**) को नाममा दर्ता कायम रहेको BAJAJ COMPANY बाट उत्पादित मोडेल DISCOVER, इन्जिन नं.PAZWFB65550 च्यासिस नं. MD2A57BZXFWB01821 दर्ता नं. वा ६९ प ९५२३ को एक थान। | |

| ४. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : बहादुर ध्वङ**<br>बाबु : पुर्ण बहादुर ध्वङ<br>बाजे : मंगले ध्वङ<br>ना.प्र.नं. : १६१५४/६३१<br>जारी मिति : २०५५/३/३, जि.प्र.का : काठमाण्डौं<br>ठेगाना : काठमाण्डौं जिल्ला,लप्सेफेदी उ.म.न.पा. / गा.वि.स वडा नं. ४। | **व्यक्तिगत जमानिकर्ता : मैते तामाङ्ग**<br>बाबु : सुकु तामाङ्ग<br>बाजे : बुद्धीमान तामाङ्ग<br>ना.प्र.नं. : ९४०३<br>जारी मिति : २०५९/१२/२६, जि.प्र.का : काठमाण्डौं<br>ठेगाना : काठमाण्डौं जिल्ला, नाङ्गलेभारे उ.म.न.पा./ गा.वि.स वडा नं. ७। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (श्री बहादुर ध्वङ) को नाममा दर्ता कायम रहेका SUZUKI COMPANY बाट उत्पादित मोडेल GIXXER, इन्जिन नं. BGA1-123075 च्यासिस नं. MB8NG4BAME8124224 दर्ता नं. वा ६७ प ११४६ को एक थान। | |

| ५. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : कबिन्द्र श्रेष्ठ**<br>बाबु : कृष्ण बहादुर श्रेष्ठ<br>बाजे : सिद्धी बहादुर श्रेष्ठ<br>ना.प्र.नं. : २८/८२८४५<br>जारी मिति : २०५३/०४/३०, जि.प्र.का : ललितपुर<br>ठेगाना : ललितपुर जिल्ला, लुभु गा.वि.स वडा नं. ०६। | **व्यक्तिगत जमानिकर्ता : कृष्ण बहादुर श्रेष्ठ**<br>बाबु : सिद्धी बहादुर श्रेष्ठ<br>पति : सिद्धी लाल श्रेष्ठ<br>ना.प्र.नं. : १६६०/०२८<br>जारी मिति : २०२८/११/१७, जि.प्र.का : ललितपुर<br>ठेगाना : ललितपुर जिल्ला, लुभु न.पा./गा.वि.स वडा नं. ०६। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री कबिन्द्र श्रेष्ठ**) को नाममा दर्ता कायम रहेको SUZUKI COMPANY बाट उत्पादित मोडेल नं. GIXXER, इन्जिन नं. BGA1-133560 च्यासिस नं. MB8NG4BAAF8136714 दर्ता नं. वा ६७ प ४४६४ को एक थान। | |

| ६. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : सम्भु कुमार जर्गामगर**<br>बाबु : सुर्य बहादुर जर्गामगर<br>बाजे : कृष्ण बहादुर जर्गामगर<br>ना.प्र.नं. : ९०३/३१५०<br>जारी मिति : २०४६/११/०५, जि.प्र.का : सिन्धुली<br>ठेगाना : सिन्धुली जिल्ला, वस्तीपुर गा.वि.स वडा नं. ०९। | **व्यक्तिगत जमानिकर्ता : भक्त लाल गुभाजु**<br>बाबु : नन्दलाल गुभाजु<br>बाजे : गणपति लाल गुभाजु<br>ना.प्र.नं. : ७८९<br>जारी मिति : २०२८/०१/२९, जि.प्र.का : बाँके<br>ठेगाना : बाँके जिल्ला, वागेश्वरी टोल नेपालगंज उ.म.न.पा./गा.वि.स वडा नं. ०३। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री सम्भु कुमार जर्गामगर**) को नाममा दर्ता कायम रहेको SUZUKI COMPANY बाट उत्पादित मोडेल नं. GS150R, इन्जिन नं. G423-184926 च्यासिस नं. MB8NG49AFE8102485 दर्ता नं. वा ७१ प १५५६ को एक थान। | |

| ७. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : प्रज्वल ठकुराठी**<br>बाबु : रतन बहादुर ठकुराठी<br>बाजे : नरपति सिंह ठकुराठी<br>ना.प्र.नं. : ६५१००१-६४३<br>जारी मिति : २०६४/११/१९, जि.प्र.का : बर्दिया<br>ठेगाना : बर्दिया जिल्ला, गुलरीया न.पा वडा नं. ०६। | **व्यक्तिगत जमानिकर्ता : शैलेश रेग्मी**<br>बाबु : शालिक राम रेग्मी<br>बाजे : गोपाल रेग्मी<br>ना.प्र.नं : ५२१०२७/६०२<br>जारी मिति : २०६६/०३/०९, जि.प्र.का : दाङ<br>ठेगाना : दाङ जिल्ला, डुरुवा गा.वि.स/उ.म.न.पा. वडा नं. ०७। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री प्रज्वल ठकुराठी**) को नाममा दर्ता कायम रहेको SUZUKI COMPANY बाट उत्पादित मोडेल नं. GIXXER, इन्जिन नं. BGA1-133780 च्यासिस नं. MB8NG-4BABF8136977 दर्ता नं. वा ६७ प ७९०१ को एक थान। | |

| ८. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : राजेन्द्र थापा**<br>बाबु : योगेन्द्र थापा<br>बाजे : बल बहादुर थापा<br>ना.प्र.नं. : २४१०५२/६२<br>जारी मिति : २०६७/०१/२३,<br>जि.प्र.का : सिन्धुपाल्चोक<br>ठेगाना : सिन्धुपाल्चोक जिल्ला, सानुसिसवारी गा.वि.स/उ.म.न.पा. वडा नं. ०१। | **व्यक्तिगत जमानिकर्ता : दिपेन्द्र धिताल**<br>बाबु : नगेन्द्र धिताल<br>बाजे : नर बहादुर धिताल<br>ना.प्र.नं. : २७२७१०६०/४०५५७/२२७४७<br>जारी मिति : २०६६/०३/१६, जि.प्र.का : काठमाडौं<br>ठेगाना : काठमाडौं जिल्ला, का.म.पा. गा.वि.स/ उ.म.न.पा. वडा नं. ३५। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री राजेन्द्र थापा**) को नाममा दर्ता कायम रहेको SUZUKI COMPANY बाट उत्पादित मोडेल नं. GIXXER, इन्जिन नं. BGA1-244386 च्यासिस नं. MB8NG4BAAG8220386 दर्ता नं. वा ७३ प २९९ को एक थान। | |

| ९. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : रमेश गुरुङ**<br>बाबु : रितबहादुर गुरुङ<br>बाजे : हर्क बहादुर गुरुङ<br>ना.प्र.नं. : २५१२०६८९<br>जारी मिति : २०६३/०५/११, जि.प्र.का : नुवाकोट<br>ठेगाना : नुवाकोट जिल्ला, सुनखानी गा.वि.स / उ.म.न.पा. वडा नं. ०२। | **व्यक्तिगत जमानिकर्ता : राज कुमार खड्का**<br>बाबु : रेशम बहादुर खड्का<br>बाजे : नर बहादुर खड्का<br>ना.प्र.नं. : ७६३७२<br>जारी मिति : २०५९/१/१६, जि.प्र.का : नुवाकोट<br>ठेगाना : नुवाकोट जिल्ला, सुनखानी गा.वि.स / उ.म.न.पा. वडा नं. ०२। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री रमेश गुरुङ**) को नाममा दर्ता कायम रहेको SUZUKI COMPANY बाट उत्पादित मोडेल SWISH, इन्जिन नं. F486-2554915 च्यासिस नं. MB8CF4C-BEE8158084 दर्ता नं. वा ६६ प ३८७६ को एक थान। | |

| १०. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : मेन बहादुर गुरुङ्ग**<br>बाबु : लिलाम्वर गुरुङ्ग<br>बाजे : मकान सिंह गुरुङ्ग<br>ना.प्र.नं : ७३८३<br>जारी मिति : २०४६/०१/१९, जि.प्र.का : रामेछाप<br>ठेगाना : स्याङजा जिल्ला, माझकोट गा.वि.स वडा नं. ०२। | **व्यक्तिगत जमानिकर्ता : शेर सिह रावल**<br>बाबु : जय सिंह रावल<br>बाजे : नर सिंह रावल<br>ना.प्र.नं : २०६०<br>जारी मिति : २०४४/१०/०९, जि.प्र.का : वैतडी<br>ठेगाना : वैतडी जिल्ला, दशरथ चन्द नगर/गाउँ पञ्चायत वडा नं. ०७। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री मेन बहादुर गुरुङ्ग**) को नाममा दर्ता कायम रहेको SUZUKI COMPANY बाट उत्पादित मोडेल GS150R, इन्जिन नं. G423-183817 च्यासिस नं. MB8NG49ADE8101842 दर्ता नं. वा ६७ प ६२८८ को एक थान। | |

| ११. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : सम्भु प्रसाद प्रधान**<br>बाबु : पुर्ण प्रसाद प्रधान<br>बाजे : ज्ञान प्रसाद प्रधान<br>ना.प्र.नं. : ७९८८<br>जारी मिति : २०४१/१२/०९,<br>जि.प्र.का. : काठमाण्डौ<br>ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ नगर/ गाउँ पञ्चायत वडा नं. २९। | **व्यक्तिगत जमानिकर्ता : जुलीना श्रेष्ठ**<br>बाबु : भाईकाजी श्रेष्ठ<br>बाजे : सम्भु प्रसाद प्रधान<br>ना.प्र.नं. : १७२०<br>जारी मिति : २०४८/०२/१९,<br>जि.प्र.का. : काठमाण्डौ<br>ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ नगर/गाउँ पञ्चायत वडा नं. २९। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री सम्भु प्रसाद प्रधान**) को नाममा दर्ता कायम रहेको SUZUKI COMPANY बाट उत्पादित मोडेल नं. GIXXER, इन्जिन नं. BGA1-122410 च्यासिस नं. MB8NG4BAME8122775 दर्ता नं. वा ६७ प २६७६ को एक थान। | |

| १२. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : सौरभ भण्डारी**<br>बाबु : टेक बहादुर भण्डारी<br>बाजे : नर बहादुर भण्डारी<br>ना.प्र.नं. : २७१०६०/२८९६<br>जारी मिति : २०६५/१०/०२,<br>जि.प्र.का. : काठमाण्डौ<br>ठेगाना : धनकुटा जिल्ला, लेगुवा उ.म.न.पा./ गा.वि.स. वडा नं. ३।<br>हाल : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ०५। | **व्यक्तिगत जमानिकर्ता : जुठे कार्की**<br>बाबु : जगनाथ कार्की<br>बाजे : तेज बहादुर कार्की<br>ना.प्र.नं. : ७७१/०३२/३३<br>जारी मिति : २०३२/०८/२३,<br>जि.प्र.का. : ललीतपुर<br>ठेगाना : ललीतपुर जिल्ला, टिकाथली गा.वि.स. वडा नं. ०९। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री सौरभ भण्डारी**) को नाममा दर्ता कायम रहेको SUZUKI COMPANY बाट उत्पादित मोडेल नं. GIXXER, इन्जिन नं. BGA1-131850 च्यासिस नं. MB8NG4BAAF-8132912 दर्ता नं. वा ६७ प ६९२५ को एक थान। | |

| १३. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : नविन रेग्मी**<br>बाबु : पुण्य प्रसाद रेग्मी<br>बाजे : विष्णु प्रसाद रेग्मी<br>ना.प्र.नं. : ३९०३<br>जारी मिति : २०४४/०९/२९, जि.प्र.का. : मोरङ<br>ठेगाना : मोरङ जिल्ला, साविक विराटनगर नगर/ गाउँ पञ्चायत वडा नं. ०४।<br>हाल : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ०७। | **व्यक्तिगत जमानिकर्ता : मदन बहादुर बुढाथोकी**<br>बाबु : तिलक बहादुर बुढाथोकी<br>बाजे : खडक बहादुर बुढाथोकी<br>ना.प्र.नं. : १०३१<br>जारी मिति : २०४९/०९/१२,<br>जि.प्र.का. : काठमाण्डौं<br>ठेगाना : धनुषा जिल्ला, नगर/गाउँ पञ्चायत वडा नं. ०६।<br>हाल : काठमाण्डौं जिल्ला, बालाजु उ.म.न.पा/गा.वि.स वडा नं. १६। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री नविन रेग्मी**) को नाममा दर्ता कायम रहेको HONDA COMPANY बाट उत्पादित मोडेल नं. UNICORN, इन्जिन नं. KC20E80201892 च्यासिस नं. MB8CE46AHE8131855 दर्ता नं. वा ८१ प ७७९५ को एक थान। | |

| १४. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : बिनोद पराजुली**<br>बाबु : नारायण प्र पराजुली<br>बाजे : प्रेम नारायण पराजुली<br>ना.प्र.नं. : १२९७८८<br>जारी मिति : २०६१/०४/१८,<br>जि.प्र.का. : काभ्रेपलाञ्चोक<br>ठेगाना : काभ्रे जिल्ला, पाँचखाल उ.म.न.पा./ गा.वि.स वडा नं. ४।<br>हाल : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३५। | **व्यक्तिगत जमानिकर्ता : निराजन पराजुली**<br>बाबु : तिर्थ प्रसाद पराजुली<br>बाजे : प्रेम नारायण पराजुली<br>ना.प्र.नं. : ३०९७३८७<br>जारी मिति : २०५७/१२/२१,<br>जि.प्र.का.: काभ्रेपलाञ्चोक<br>ठेगाना : काभ्रे जिल्ला, पाँचखाल उ.म.न.पा./ गा.वि.स वडा नं. ४। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री बिनोद पराजुली**) को नाममा दर्ता कायम रहेको BAJAJ COMPANY बाट उत्पादित मोडेल नं. Pulsar 150, इन्जिन नं. DHZCDK88470 च्यासिस नं. MD2A11CZ2DCK95148 दर्ता नं. वा ५५ प ५९०८ को एक थान। | |

| १५. ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : सवारी कर्जा**<br>**ऋणीको नाम : अन्जय श्रेष्ठ**<br>बाबु : जनक लाल श्रेष्ठ<br>बाजे : श्याम लाल श्रेष्ठ<br>ना.प्र.नं. : ५१३२<br>जारी मिति : २०५१/०७/१२, जि.प्र.का. : काठमाण्डौं<br>ठेगाना : काठमाण्डौं जिल्ला, काठमाण्डौं उ.म.न.पा./ गा.वि.स वडा नं. ७। | **व्यक्तिगत जमानिकर्ता : रञ्जना श्रेष्ठ**<br>बाबु : ओम कुमार श्रेष्ठ<br>पति : अन्जय श्रेष्ठ<br>ना.प्र.नं. : १७२१<br>जारी मिति : २०५१/०५/१६, जि.प्र.का. : चितवन<br>ठेगाना : चितवन जिल्ला, साविक भरतपुर नगर/ गाउँ पञ्चायत वडा नं. ०२।<br>हाल : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ०७। |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण** | |
| धनी मञ्जुश्री फाइनान्स लिमिटेड ऋणी (**श्री अन्जय श्रेष्ठ**) को नाममा दर्ता कायम रहेको SUZUKI COMPANY बाट उत्पादित मोडेल नं. GIXXER, इन्जिन नं. BGA1-121795 च्यासिस नं. MB8NG4BAME-8123549 दर्ता नं. वा ६७ प २१५७ को एक थान। | |

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्ने छ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फाराममा उल्लेख गरिनेछ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं।
**समय :** दिउसो ४:०० बजे, **मिति :** २०८१/०६/२१।

# नेपाल सेमिफाइनलबाटै बाहिरियो

काठमाडौं/मस- नेपाल साफ यु-१७ को सेमिफाइनलबाटै बाहिरिएको छ। शनिबार भएको खेलमा भारतसँग ४-२ ले पराजित हुँदै नेपाल अन्तिम चारबाट बाहिरिएको हो।

भारतको जितमा भिजल यादवले दुई गोल गर्दा ऋषी सिंह र हेम्नेइचुंगले एक एक गोल थपेका थिए। नेपालमा कप्तान सुवास बमले एक गोल फर्काउँदा एक गोल उपाहार पाएको थियो। थिम्पुस्थित चङ्लिमिथाङ रंगशालामा भएको सेमिफाइनल खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो।



दोस्रो हाफमा विशाल यादवले आठ मिनेटभित्र दुई गोल गर्दै भारतलाई सहज स्थितिमा पुऱ्याए। ६१औं मिनेटमा गोलको खाता खोलेका विशालले ६८ औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरे।

८१औं मिनेटमा नेपालको एागि सुबाश बमले एक गोल फर्काए। खेल २-१ मा पुग्यो। तर लगतै ८५औं मिनेटमा एन ऋषी सिंहले भारतको लागि तेस्रो गोल गरे।

खेल सकिन एक मिनेट बाँकी छँदा भारतका मोहम्मद केफले आत्मघाती गोल नेपाललाई उपहार दिए। खेल यतिमा मात्र सकिएन र इन्जुरी समयको पाँचौं मिनेटमा हेमनेचुङ लुनकिमले गोल गरे। योसँगै भारतले नेपाललाई ४-२ को हार चखाउँदै फाइनलको यात्रा तय गऱ्यो। योसँग नेपालको फाइनल पुग्ने धोको अधुरै रह्यो।

# एन्फा एकेडेमीका ६ विद्यार्थीको शव भेटियो

**काठमाडौं/मस-** मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-३ स्थित वल्सलादेवी माविमा अध्ययनरत एन्फा एकेडेमीका ६ जना बालकको पहिरोमा पुरिएर मृत्यु भएको छ। कुलेखानी जलविद्युत आयोजनाको इन्द्रसरोवर भरिएर शनिबार बिहान जलाशयको २ वटै ढोका खोलिएपछि विद्यालयको छात्रावासबाट सुरक्षित स्थलतर्फ सार्न खोज्दा उनीहरुको पहिरोमा पुरिएर मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।




मृत्यु हुनेमा मकवानपुरका अनुप घलान, विवश बाँनिया, आदित्य बलम्पाकी, सर्लाहीका प्रियांक आचार्य, बाराका विकल रेग्मी र काठमाडौंका साइमन योन्जन रहेको एन्फाले जनाएको छ। मृतक सबैको शव पोस्टमार्टमका लागि हेटौंडा ल्याउने तयारी गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

सकुशल रहेका अन्य विद्यार्थीहरुलाई भने सेनाको हेलिकोप्टर मार्फत काठमाडौं पठाइने भएको छ। मकवानपुरको वल्सलादेवी माविमा सञ्चालित एन्फा एकेडेमीमा अध्ययनसँगै ४० बालक बन्द प्रशिक्षणमा रहेका थिए। अन्डर १३ समूहका ४० जना बालकलाई अखिल नेपाल फुटबल संघ एन्फाले गत जेठ महिनादेखि सिस्नेरीस्थित वत्सलादेवी माविको छात्राबासमा बन्द प्रशिक्षणमा राखेको थियो।

# न्युजिल्यान्डका जोनाह स्मिथ पहिलो

**काठमाडौं/मस-** न्युजिल्यान्डका जोनाह स्मिथले १६ औं काठमाडौं म्याराथनको उपाधि जितेका छन्। अविरल वर्षाकाबीच शनिबार भएको म्यराथन २ घन्ण २१ मिनेट ४५ सेकेन्डमा पूरा गर्दै स्मिथले उपाधि जितेका हुन्। उनी पहिलो पटकको सहभागितामा नै च्याम्पियन बनेका छन्।

विदेशी खेलाडीको सहभागिता यसअघि नै पक्का भइसकेका कारण आयोजक एनआरएस स्पोर्ट्स फाउन्डेसनले पूर्व निर्धारित समय अनुसार नै म्याराथन सन्चालन गरिएको थियो।

पुरुष म्याराथनमा नेपालका नरेन्द्र रावल दोस्रो र १३ औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण पदक विजेता किरणसिंह बोगटी तेस्रो भएका छन्। नरेन्द्रले २ घन्ण २३ मिनेट ०५ सेकेन्ड र किरणले २ घन्ण ३१ मिनेट ४४ सेकेन्डको समय निकालेका थिए।



हाफ म्याराथनको महिलामा एपीएफकी पुष्पा भण्डारी र पुरुषतर्फ त्रिभुवन आर्मी क्लबका नरेन्द्र राउत विजयी भएका छन्।

पुष्पाले १ घन्ण २८ मिनेट १४ सेकेन्डमा दौड पूरा गर्दै हाफ म्याराथनको उपाधि जितेकी हुन्। अन्ना स्टेफन दोस्रो र चारु अर्याल तेस्रो भइन्। अन्नाले १ घन्ण ३७ मिनेट १३ सेकेन्ड र चारुले २ घन्ण ४३ मिनेट १६ सेकेन्डमा दौड पूरा गरिन्।

नरेन्द्रले १ घन्ण १२ मिनेट ०४ सेकेन्डमा दौड पूरा गर्दै उपाधि जितेका हुन्। राजेन्द्र तामाङ (१ घन्ण १४ मिनेट ०२ सेकेन्ड) दोस्रो र विज्ञान गुरुङ (१ घन्ण १६ मिनेट २६ सेकेन्ड) तेस्रो भएका हुन्।

५ किलोमिटर खुला पुरुषमा नेपाल पुलिस क्लबका नागेश्वर ऐयर विजयी भए। उनले १८ मिनेट १३.१ सेकेन्डमा दौड पूरा गरे। ५ किलोमिटर पुरुष मास्टर्समा राजु भण्डारी २३ मिनेट ५३.६१ सेकेन्डमा दौड पूरा गर्दै विजयी भए।

५ किलोमिटर स्कुल गर्ल्समा आइश्मा आचार्य र ब्वाइजमा सन्तोष कार्की विजयी भए। आइश्माले २५ मिनेट १५.४ र सन्तोषले १४ मिनेट ३५ सेकेन्डमा दौड पूरा गरेका थिए।

म्याराथन मास्टर्समा निकोले लाख्तिकोभ विजयी भए। उनले ३ घन्ण १३ मिनेट ४४ सेकेन्डमा दौड पूरा गरेका हुन्।


UAE मा रोजगार | कम्पनी : JAI AKASH TECHNICAL WORKS LLC शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०६/१८ चलानी नं.: ६०२०८७६३ LT. No.: 293649 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Skilled Brick Layer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Skilled Building Labourer | 7 | 0 | | 1000 | ३६,३८० | | | | | | | |
| 3. | Skilled Mason | 28 | 0 | | 1000 | ३६,३८० | | | | | | | |
| 4. | Skilled Scaffolders | 22 | 0 | | 1000 | ३६,३८० | | | | | | | |
| 5. | Skilled Shuttering Carpenter | 57 | 0 | | 1000 | ३६,३८० | | | | | | | |
| 6. | Skilled Steel Fixer | 19 | 0 | | 1000 | ३६,३८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २० गते (6 October 2024) मा हुनेछ।
अन्तर्वार्ता चितवन भरतपुरमा २०८१ असोज २१ गते (7 October 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Lic No.: 402/060/061
N.B. INTERNATIONAL MANPOWER PVT. LTD.
Sinamangal, Kathmandu, Nepal
Email: n.binternationalmanpowerpvt.ltd@gmail.com, fishtailopt@gmail.com, Website: www.nbinternationalmanpower.com.np
Office: 9852677632 | 9841672199 | 9814080251 | 9851137090 | 9851090273


# पोखरा पर्वतीय दौडको उपाधि एपीएफका भट्टलाई



**पोखरा/मस-** पोखरामा आयोजित पर्वतीय दौड प्रतियोगिताको उपाधि सशस्त्र प्रहरी बलको एपीएफ क्लबका निरोज भट्ट क्षत्रीले जितेका छन्। पोखरा २२ (पुम्दीभुम्दी)को खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना भएको उक्त प्रतियोगितामा क्षत्रीले निर्धारित ८ किलोमिटरको दुरी ३८ मिनेट २३ सेकेण्डमा पार गर्दै उपाधि जितेका हुन्। पोखरा क्लिक प्रा.लि.ले आयोजना गरेको प्रतियोगितामा सल्यानको कुमाख गाउँपालिकाका रुद्र बुढाथोकी निर्धारित दुरी ४१ मिनेट २२ सेकेण्डमा पूरा गरी दोस्रो भए। पोखरा-१७ का प्रकाश थिँक ४२ मिनेट ४२ सेकेण्डम पूरा गरी तेस्रो भए।

विजेतालाई २५ हजार, उपविजेतालाई १५ हजार र तेस्रो हुनेलाई ७ हजार साथमा ट्रफी र प्रमाणपत्र वितरण गरिएको थियो। वश्व शान्ति स्तुपदेखि शुरु पर्वतीय दौड, पुम्दीकोट विशाल महादेवको मूर्ति, पोखरा २२ को वडा कार्यालय हुँदै बुद्ध पार्कमा पुगेर टुंगिएको थियो।

महिलातर्फ काभ्रे चौताराकी नितु तामाङले उपाधि जितिन्। उनले निर्धारित दूरी ५५ मिनेट २१ सेकेण्डमा पार गरेकी हुन्। यु १६ प्रतिस्पर्धामा पोखरा-२२ का सागर देवकोटा प्रथम भए। पोखरा-२२ स्तरीय दौडमा सुजिल परियार प्रथम भए। उनले ५३ मिनेट ६ सेकेण्डमा दौड पूरा गरेका हुन्। विजेतालाई जनही ७ हजारको साथमा ट्रफी र प्रमाणपत्र वितरण गरिएको थियो।

उनीहरुलाई गण्डकी प्रदेश सरकारका पूर्व अर्थमन्त्री रामजीप्रसाद बराल जीवन, पोखरा-२२ का वडाध्यक्ष हिमलाल बराल, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका अधिकृत कुन्दन मिश्र, पोखरा पर्यटन परिषद् अध्यक्ष तारानाथ पहारी, विश्व शान्ति स्तुप समिति अध्यक्ष एवं पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य, शान्ति स्तुप समितिका सदस्य दुर्गाबहादुर गुरुङ, बुद्ध पार्क समिति अध्यक्ष राज गुरुङ (लाल), शुक्रराज माविका प्रचार्य नरनाथ बराल, कालावाङ होमस्टेका अध्यक्ष यामबहादुर गुरुङ, प्रतियोगिता संयोजक दीननाथ बराल लगायतले पुरस्कार वितरण गरे।

शान्ति स्तुप यसअघि प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले गरेका थिए। प्रतियोगिता सफल पार्न सिंगो पुम्दीभुम्दीवासीले टोल तथा चोकचोकमा फूलमाला तथा गुच्छा एवं पानीले स्वागत गरेका थिए।

सो अवसरमा पर्यटन, उद्यम र समाजसेवा क्षेत्रबाट विशेष योगदान गर्ने समाजसेवी तथा उद्यमी चन्द्रकान्त बराल र मलेसियाको माउन्ट किनाबालु हाफ म्याराथनमा ह्याट्रिक गर्न सफल अन्तर्राष्ट्रिय धावक कुसान गुरुङलाई विशेष सम्मान गरियो।

दौडमार्फत पुम्दीभुम्दीको थप प्रवर्द्धन गर्ने खेलकुदमार्फत समग्र पोखराको आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धनका लागि प्रतियोगिता गरिएको कार्यक्रम संयोजक दीननाथ बरालले बताए। आफ्नो गाउँठाउँको खेल पर्यटन प्रबर्द्धन उक्त कार्यक्रम कोषेढुंगा सावित हुने उनले जनाए।

पूर्वअर्थमन्त्री बरालले पोखरा २२, पर्यटन र खेलकुदको अथाह सम्भावना भएकोले यस्ता खेलकुदका गतिविधिले खेल पर्यटन प्रवर्द्धन हुने विश्वास व्यक्त गरे। पोखरा २२ का अध्यक्ष बरालले उक्त कार्यक्रम आगामी दिनमा परिस्कृत पार्न सहयोग गर्ने बताए।

प्रतियोगितालाई सफल पार्न सहयोग गर्ने विभिन्न संघसंस्थाहरुलाई प्रतियोगिताका टेक्निकल डाइरेक्टर ओम लामाले धन्यवाद दिए। अनलाइन फारम भर्ने ३ देशका १ सय ४ जना मध्य शनिबारको पर्वतीय दौडमा भने ७९ जनाले मात्र सहभागी जनाएको प्रा.लि.का व्यवस्थापक सागर सुनारले जनाए।

दौडमा नर्वेका २ महिला सहित ७९ जना, प्रतियोगितामा ९ बर्ष देखि ५५ बर्ष उमेर समूहका धावकहरु सहभागी भएको पोखरा क्लिक डटकमका वरिष्ठ संवाददाता असफल गौतमले बताए।

प्रतियोगितामा ज्येष्ठ धावक ५५ वर्षका शिवराज बस्ताकोटीलाई मेडल प्रदान गरियो। कार्यक्रम संचालन संचारकर्मी दीपेन्द्र पहारीले गरे। नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाले प्रवर्द्धन रहेको कार्यक्रममा पोखरा २२ वडा कार्यालय, पोखरा पर्यटन परिषद्, प्रदेश खेलकुद परिषद लगायतको सहयोग थियो।


**Barekot Rural Municipality**
**Office of Rural Municipal Executive**
Limsa, Jajarkot
Karnali Province, Nepal

**Invitation For Bids**

**Date Of Publication: 2081/06/13 (Sep-29-2024)**

Barekot Rural Municipality, Office of Rural Municipal Executive, Limsa, Jajarkot invites bid for eligible bidders for the following works:

| S.N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/WORKS/08 1/082-01 | Invitation for Bid (E-bidding) for Limsa Dhaulakot samaila sadak nirman barekot-01, jajarkot | 120 days | 2,999,856.47 | 75,000.00 | 3000.00 | |
| 2 | BRM/NCB/WORKS/08 1/082-02 | Invitation for Bid (E-bidding) for Karkijiula dekhi Simtara Samma sadak nirman barekot -07, jajarkot | 120 days | 2,999,745.38 | 75,000.00 | 3000.00 | |

Further Information to bidders;

| | |
|---|---|
| Last date and time of Bid Submission | 2081/07/13 (October-29-2024) (upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2081/07/13 (October-29-2024); at 2:00 PM, At Barekot Rural Municipality Office, Limsa, Jajarkot |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank, Limsa, Jajarkot, AC.Name Barekot Rural Municipality aantarik Rajaswa Khata 0726401548097091 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Limsa Branch, Account Number: 0726401548097030 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Barekot Rural Municipality Office, Limsa, Jajarkot Contact No: 9846114557
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**



**Mahabu Rural Municipility**
**Office of the Rural Municipal Executive**
Gaidabaj, Dailekh
Karnali Province, Nepal

**Invitation For Bids**

**Date of Publication : 2081/06/13 B.S.**

| Construction Identification Number /Project Name | Estimated Amount without VAT and PS | Cost of Bid Documents | Bid Security | Bid Validity Period |
|---|---|---|---|---|
| MRM/NCB/WORKS/04/081-82 Dobato To Ward Office Manma Road Mahabu RM 2 | Rs. 84,28,129.22 | Rs. 3,00,000 | Rs. 3000 | 120 days from Bid opening |
| MRM/NCB/WORKS/05/081-82 3 No. Ward Office To Gaidabaj connection Road Maintenance Work | Rs. 84,22,887.32 | Rs. 3,00,000 | Rs. 3000 | 120 days from Bid opening) |

**Note**: For further details downloading tendar documents, please visit PPMO website www.bolpatra.gov.np or www.mahabumun.gov.np and contact 9844896696 or mahabugaupalika74@gmail.com.

**Chief Administrative Officer**



# ‘इड्राइभ नेपाल’ बन्दैछ विद्युतीय राइडरको लिडर

‘इड्राइभ नेपाल’ इलेक्ट्रिक सवारी एप हो । इलेक्टिक सार्वजनिक सवारी साधनलाई देशभर सञ्चालन गर्ने उद्देश्यका साथ ‘इड्राइभ नेपाल’ अगाडि बढेको छ । नेपालको राईड सेयरसिङमा विद्युतीय सवारी साधनलाई प्राथमिकता दिएको ‘इड्राइभ नेपाल’ले बागमती, गण्डकी र लुम्बिनीमा विस्तार गरिरहेको छ । प्रस्तुत छ, विद्युतीय साधनलाई सार्वजनिक यातायातमा सस्तो र भरपर्दो बनाउनका लागि कसरी अगाडी बढ्नु पर्छ भन्ने ‘इड्राइभ नेपाल’ का अध्यक्ष राजेश मास्केसँग मध्यान्हका छबि सापकोटाले गरेको कुराकानी ।

**राजेश मास्के**
अध्यक्ष, इड्राइभ नेपाल

**“इड्राइभ नेपाल” राइडर एप आएको एक वर्ष हुन लाग्यो । यो समयमा कम्पनीले कसरी काम गऱ्यो ?**

‘इड्राइभ नेपाल’ नेपाली एप हो । नेपाली आइटी इञ्जिनियरले बनाइएको हो भने यो नेपाली लगानीमा खुलेको संस्था हो । विशेषगरी ‘इड्राइभ नेपाल’ विद्युतीय सार्वजनिक सवारीलाई प्रोत्साहन गर्नु पर्छ भन्ने उद्देश्यको साथ स्थापना गरिएको नेपाली कम्पनी हो । विदेशी कम्पनी भन्दा फरक ढंगले विद्युतीय सवारी साधनको प्रयोग गरिएको ‘इड्राइभ नेपाल’ मा लक्जरी गाडीमा सस्तो मूल्यमा यात्रा गर्न सकिन्छ। शुरुमा विद्युतीय सवारी साधनलाई विश्वास नगर्नेहरुको पनि यो एप अहिले धेरैको रोजाइमा परेको छ । हामीले पेट्रोलियम पदार्थ आयात गर्दा वर्षेनी खर्बौं रकम विदेशीएको छ। तर, हामीसँग नेपालमै उत्पादन हुने विद्युत हुँदाहुँदै पनि विद्युतीय सार्वजनिक साधन प्रयोग गर्न सकिरहेका छैनौं । यसको मुख्य कारण राज्यले विद्युतीय सवारी साधन प्रयोगको नीति नबनाउँदा ढिलो भएको हो। तर, गएको नाडा अटो शो र नेपालका सहरी क्षेत्रमा इलेक्ट्रिक सवारी साधन गुडीरहेको अवस्थामा सार्वजनिक सवारी साधनको प्रयोगमा विद्युतीय सवारी खोज्नेको संख्या बढ्दो छ । ‘इड्राइभ नेपाल’ एपले विद्युतीय सवारी साधन प्रयोग गरेर सेवा प्रदान गरिरहेको छ । ‘इड्राइभ नेपाल’ प्रति आकर्षण बढ्दा हामीले सवारी साधन र काठमाडौं बाहिर समेत विस्तार गरिरहेका छौं । नेपाली नागरिकले यात्रा गर्दा विदेशी कम्पनीको एप भन्दा नेपालको प्रयोग गर्नुपर्छ भन्ने सोच आउने हो हामी छिट्टै अग्रस्थानमा आउने छौं ।

**पेट्रोलियम सवारी साधनको सट्टा विद्युतीय सवारी किन प्रयोग गर्ने ?**

अहिले विश्वभर नै विद्युतीय सवारी साधनको प्रयोग बढ्दो छ। हाम्रोमा पछिल्लो समय विद्युतीय सवारी साधन प्रति रुची बढेको छ । पुराना सवार ीसाधन भन्दा विद्युतीय सवारी साधन लक्जरीयस बनेका छन् । विद्युतीय सवारी साधनमा यात्रा गर्दा आवाज नआउनेदेखि आरामदायी यात्रा गर्न सकिन्छ। अहिले विद्युतीय ट्याक्सीहरु पनि लक्जरीयस आएका छन् । ट्याक्सीहरुको आकार ठूलोदेखि एसी, हिटर, सामान राख्नको लागि ठूलो डिक्की जस्ता सुविधाले विद्युतीय सवारीमा यात्रा गर्नेहरुले राम्रो रेटिङ दिने गरेका छन्। एकपटक विद्युतीय सार्वजनिक साधनमा यात्रा गर्ने आरामदायी यात्राको कारणले आकर्षण बढेको देखिन्छ ।

**विद्युतीय साधनलाई सार्वजनिक यातायातको रुपमा बढाउन के गर्नुपर्ला ?**

नेपाल सरकारको विद्युतीय सवारी साधन सम्बन्धी नीति लचक बन्नुपर्छ। विद्युतीय सार्वजनिक सवारी साधन चलाउनका लागि नीति नै अग्रसर नबनाएरसम्म अगाडि बढ्न सकिँदैन । विद्युतीय सवारी साधनमैत्री नीति जबसम्म बन्दैन हामी जस्ता विद्युतीय सवारी साधनबाट नेपालमा केही गर्नुपर्छ भन्नेहरु सधैं मारमा पर्छौं । हामीलाई खुल्ला रुपमा प्रतिस्पर्धा गर्ने वातावरण बन्ने हो भने छिट्टै नै विद्युतीय सवारी साधनले सडक भरिने छ । अहिले राइडिङ कम्पनीमा विदेशी कम्पनी छन्। विदेशी एप प्रयोग गर्दा डाटा सुरक्षाको चुनौती छ । यसबाट दुरुपयोग गर्ने अवस्था आउने चुनौती देखिन्छ । हाम्रोमा विदेशी कम्पनी आउँदा सुविधा त भित्रिएको छ । सुरक्षा चुनौती भने बढी हुनसक्छ । हामीले अब नेपाली एप कम्पनीलाई प्रोत्साहन र विद्युतीय सवारी साधन सञ्चालनको नीति सहज बनाउन आवश्यक छ ।

**“इड्राइभ नेपाल” को नयाँ योजना के छ ?**

गत कात्तिकमा काठमाडौंबाट शुरु गरिएको इड्राइभ नेपाल गण्डकी र लुम्बिनीमा समेत विस्तार गरेका छौं । लुम्बिनीमा हाम्रो उपस्थिति राम्रो छ। एपसँगै गाडी प्रोभाइडरको काम गरेका छौं भने फूड राईडको काम गर्ने तयारी गरेका छौं । नेपाली एप त्यसमाथि विद्युतीय सवारी साधनको विस्तार समृद्ध बन्ने योजना बनाएका छौं । अहिले नेपाली एपमा हामी नै अगाडि छौं। राज्यको नीतिले साथ दिने हो भने हामी पनि एक नम्बरमा पुग्न सक्छौं । हामीले अहिले सहुलियत कर्जामा आर्थिक अवस्था कमजोर हुनेहरुका लागि गाडी किन्न र चलाउन दिएका छौं । पैसाको अभावमा काम गर्नका लागि ऋण खोजेर विदेश जाने प्रवृत्तिको अन्त्यका लागि काम गरिहेका छौं । हाम्रोमा अवसर देखिएको स्थानमा विदेशी कम्पनीहरु पहिले नै आएर बजार कब्जा गरेको अवस्था छ। उनीहरुले मार्केटिङमा अर्बौं खर्च गरेर काम गरेका छन्। हाम्रो विदेशी पेय पदार्थ कम्पनीले विज्ञापन गरेर अर्बौं पैसा कमाएका छन् तर, हाम्रामा पाइने जुनारको जुस र मोही जस्ताको विज्ञापन गर्न नसक्दा खेर गएको छ । ठ्याक्कै यस्तै भएको छ नेपाली आइटी कम्पनीको अवस्था। किनकी भएको पैसा लगानीमा सकिन्छ । मार्केटिङ गर्न डर छ । राज्यले नेपाली लगानीकर्ता तथा उद्यमीलाई बचाउन नसक्दा पलायन हुनुपर्ने अवस्था सृजना भएको छ। राज्यले सहि नीति बनाउने हो भने इड्राइभ नेपाल लाखौंलाई रोजगारी दिने नेपाली कम्पनी बन्न सक्छ।

**त्यसो भए नेपाली कम्पनीलाई कसरी प्रवर्द्धन गर्न सकिन्छ ?**

यो राष्ट्रियतासँग जोडिएको विषय समेत हो । नेपालीले बनाएका एप विदेशी एप भन्दा कम छैनन् । नेपालीले विदेशी कम्पनीलाई एप बेचिरहेका छन् तर, हाम्रोमा सपोर्ट कम हुँदा निरास हुने अवस्था छ । नेपालीले गरेको कम्पनी हो भनेर मात्र सहयोग गर्ने हो भने लगानीकर्तालाई उत्साह मिल्छ । अर्को तर्फ सरकारले हेर्ने नजर नेपाली कम्पनीमाथि सहि हुनुपऱ्यो । केही कमायो भने आखाँ लगाएर कर बढाउने तर, लगानी गरेर समस्या परेको कम्पनीलाई सानो सहयोग समेत नगर्ने अवस्था छ। आफुसँग भएको र ऋण लिएर लगानी गर्ने धेरै छन् तर, साथ कतै नपाउँदा लगानीकर्ता निरास छन् । ‘इड्राइभ नेपाल’ले विद्युतीय सार्वजनिक यातायातको संम्भावना देखाएकोले सरकारको साथ आवश्यक छ ।

**नेपाली राइडर एपहरुको यात्रा त्यति सफल देखिएको छैन भनिन्छ, इड्राइभ नेपालको एक वर्ष यात्रा कस्तो रह्यो ?**

हामी स्थापना भएको एक वर्ष पुग्दैछ । आगामी ५ वर्षको योजनाको साथ हामी आएका हौं। अहिले कम्पनीको नाफा भन्दा देशलाई नाफा गराएका छौं भन्ने लागेको छ। हाम्रो अर्ब लगानी हुँदा कति विद्युतीय गाडीको प्रयोग गऱ्यौं भन्ने सोचेका छौं । हामीले १ हजार ट्याक्सी गुडाउदा कति विद्युत खपत भयो ? कति प्रोट्रोलियम पदार्थ खपत घट्यो ? हामीले यसरी सोचेर काम गरेका छौं । यी कुराले हामीलाई अझै उर्जा थपिदिएको छ । आम जनतामा इड्राइभ नेपाल प्रति भरोसा बढेको छ। त्यसबाट अझै उत्साह आएको छ तर, हामी जस्ता नेपालमा केही गर्नुपर्छ भन्नेलाई राज्यले बचाउनुपर्छ जस्तो लाग्छ। हामीलाई अनुदान होइन विद्युतीय सवारी साधनलाई निर्वाध सञ्चालन गर्ने नीति आवश्यक छ ।

# वित्तीय साक्षरताको अभावले कर्जा तिर्दिन भन्ने प्रवृत्ति बढ्यो : डेपुटी गभर्नर ढुंगाना

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असोज ।

नेपाल राष्ट्र बैंककी डेपुटी गभर्नर डा.नीलम ढुंगाना तिम्सिनाले वित्तीय साक्षरताको अभावकै कारण ऋणीहरुमा कर्जा तिर्दिन भन्ने प्रवृत्ति बढेको बताएकी छन् ।

मिडिया इन्टरनेशनल नेपालले काठमाडौंमा आयोजना गरेको वित्तीय शिक्षा र उद्यमशीलता अन्तर्गत ‘फाइनान्सियल लिट्रेसी, विजनेश एण्ड लिडरसीप समिट’ कार्यक्रममा डेपुटी गभर्नर तिम्सिनाले भनिन्, ‘यदि कर्जा लिएपछि नतिर्दा के हुन्छ ?, कर्जा तिर्नुपर्छ भन्ने खालको वित्तीय साक्षरता नहुँदा समस्या देखिएको हो । कर्जा नतिर्दा ऋण दिनेले पनि कसरी दिन्छ ?, जनताबाटै कर्जा उठाएर बैंक वित्तले ऋण दिने हो । तिरेन भने सबै सिस्टम कोल्याप्स हुन्छ ।’



यस्तै डेपुटी गभर्नर ढुंगानाले वित्तीय साक्षरता अभिवृद्धिका लागि सबैको साथ र सहयोग आवश्यक पर्ने पनि बताइन्। उनले भनिन्, ‘वित्तीय साक्षरता अभिवृद्धि गर्नका लागि राष्ट्र बैंक अहोरात्र प्रयासमा छ। राष्ट्र बैंकले बैंक वित्तीय संस्थाहरुलाई आफ्नो मुनाफाबाट सामाजिक उत्तरदायित्वमा खर्च गर्नु भनेको छ । त्यसैबाट वित्तीय साक्षरतामा पनि खर्च गर्नु भनेको छ।’ वित्तीय साक्षरतालाई पाठ्यक्रममा समावेश गर्नुपर्ने उनले बताइन् ।

डेपुटी गभर्नर ढुंगानाले बढ्दो डिजिटल बैंकिङसँगै वित्तीय साक्षरताको महत्व पनि झन् बढ्दै गएको बताइन् ।

यस्तै उनले साना-साना ऋण लिएर आयस्तर उठाउनका लागि लघुवित्तीय संस्थाहरुले महत्वपूर्ण भूमिका खेलेको बताइन् । उनले आफुले लिएको ऋणलाई उत्पादनशील क्षेत्रमा प्रयोग गर्न आग्रह गरिन् । उनले भनिन्, ‘लघुवित्त वित्तीय संस्थाका ९६ प्रतिशत ऋणीहरु महिला हुनुहुन्छ । त्यसकारण महिलाहरुलाई ऋण लिनका लागि त्यति असुविधा छ जस्तो लाग्दैन । कतिपय कुरामा ज्ञान पुगि राखेको छैन ।’

महिला उद्यमीहरुलाई राष्ट्र बैंकले प्रोत्साहन गर्ने खालका नीतिहरु ल्याएको पनि उनले बताइन्। उनले अहिले बैंकहरुमा कर्जा प्रवाहमा प्रतिस्पर्धा भएको भन्दै बुझेर मात्र ऋण लिन आग्रह गरिन् ।

कार्यक्रममा लघुवित्त बैंकर्स संघका अध्यक्ष रामबहादुर यादवले उद्यमशीलता र वित्तीय साक्षरता एक अर्काका परिपूरक रहेको बताए । ग्रामीण क्षेत्र, दुरदराजमा उद्यमशीलता विकास गर्न, वित्तीय पहुँचको अभिवृद्धि गर्न लघुवित्त क्षेत्रको अहम् भूमिका खेलेको बताए ।

उनले भने, ‘लघुवित्त संस्थाहरु देशको ६० लाख घर परिवारमा पुगेको अवस्था छ । ६० लाख घरपरिवारमध्ये २७ लाख दिदी बहिनीहरुले त्यसबाट कर्जा पाएर उद्यमशीलताका काम अगाडि बढाइरहेको अवस्था छ।’

लघुवित्त संस्थाहरुले महिलाको उद्यमशीलता, वित्तीय साक्षरता, वित्तीय स्रोत उपलव्ध जुन कार्यक्रम ल्याएको छ । यस कार्यक्रमलाई नेपाल सरकारले महत्व दिएर एउटा छुट्टै संरचना बनाएर अगाडि बढ्नुपर्ने अध्यक्ष यादवले बताए। यस्तै उनले देशमा रोजगारी सिर्जना गर्न, युवाहरुलाई देशमै राखेर काम गर्न उद्यमशीलताको विकल्प नभएको बताए ।

वरिष्ठ उद्यमी शोभाकान्त बस्यालले नेपालमा केही सिप लिएर उद्यमशीलता शुरु गर्न सकेमा त्यो सफल हुने बताए। देशका विभिन्न स्थानहरुमा संस्थाहरुले चलाएका सिपमूलक तालिमहरु अपूरा खालको रहेको भन्दै अपुरो ज्ञान, सिपले गरेको काम सफल हुन नसक्ने बताए ।

यस्तै उनले पछिल्लो समय महिलाहरुमा उद्यमशीलता वृद्धि भएको बताए । उनले भने, ‘आजभन्दा ३० वर्षअघि उद्यमशीलतामा महिलाको सहभागी न्यून थियो। १० वर्षमा अलि बढेर आयो। ५ वर्षपछि अझ बढेर आएको छ । अहिले हेर्दा धेरै बढेर माथि पुग्नुभएको छ।’

उपकार लघुवित्त वित्तीय संस्थाकी सिईओ शारदाकुमारी खत्रीले उद्यमशीलता अत्यन्त महत्वपूर्ण विषय भएको भन्दै एउटा पक्षले मात्र गरेर सफल हुन नसक्ने बताइन्। लघु उद्यमशीलताका लागि स्वयं व्यक्तिमा आत्म विश्वास, उर्जा, हिक्मत भएमात्र यसको शुरुवात हुने उनको भनाइ थियो ।

यस्तै उनले पारिवारिक बजेट बनाउन समेत आग्रह गरिन् । उनले भनिन्, ‘ आजका दिनमा हामीले पारिवारिक बजेट बनाउँदैनौं, जेठ १५ आयो भने नेपाल सरकारले बजेट ल्याउँछ भनेर सुन्छौं, हेर्छौं, तर, आफ्नो जिन्दगी चलाउने बजेट हामीले कसैले बनाउँदैनौं । पहिला हामिले आफ्नो बजेट बनाऔं ।’

महिला उद्यमी उषा कार्कीले बैंक वित्तको ब्याजदर पछिल्लो समय घट्दो क्रममा रहेको भन्दै अझै थप घटेमा व्यवसाय गर्न सहज हुने बताइन् । उनले नेपालमा साच्चिकै उद्यमशील बन्ने हो भने काम गर्नका लागि विदेश जानु पर्ने बाध्यता हट्ने बताइन् ।

कार्यक्रमका संयोजक एवम् मिडिया इन्टरनेशनलका अध्यक्ष माधव निर्दोषले नेपालीसँग थुप्रै सम्भावनाहरु रहेको भन्दै ति सम्भावनालाई व्यवहारमा रुपान्तरण गर्न सक्नुपर्ने बताए ।

उनले उद्यमशीलतामा लाग्ने व्यक्तिहरुलाई हौसला दिनका लागि यो कार्यक्रमको शुभारम्भ गरिएको समेत बताए। उनले भने, ‘आजदेखि यो कार्यक्रमलाई हामीले गाउँ-गाउँसम्म लैजानेछौं । स्थानीय निकाय, उद्यमीसँग जोडेर अगाडि बढ्नेछौं ।’ वित्तीय साक्षरतासँगै उद्यमशीलता अत्यन्त महत्वपूर्ण र जरुरी रहेको निर्दोषको भनाइ थियो ।

# ‘सहकारीलाई उत्पादनसँग जोड्नुपर्छ’

**सपना बोहरा / मध्यान्ह**
दाङ, १२ असोज ।

लुम्बिनी प्रदेशकी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयकी सचिव डा.नम्रता सिंङले सहकारीलाई उत्पादनसँग जोड्नुपर्ने बताएकी छन्। दाङको घोराहीमा रहेको कलश बचत तथा ऋण सहकारी संस्थाको १३औं साधारणसभा तथा पाँचौं अधिवेशनलाई सम्वोधन गर्दै सिंङले सहकारीलाई उत्पादनमा जोड्न सके आर्थिक पक्ष सवल र सफल हुने बताइन्। ‘धेरैजसो लगानी घर जग्गा र घरायसी शिर्षकमा भएको देखिन्छ’, कार्यक्रममा डा. सिंङले भनिन् ‘उत्पादनशील क्षेत्रलाई ध्यान दिएर अब लगानी गर्नुपर्छ ।’

कलश सहकारीले युवा र महिलालाई समेटेर जिल्लामै नमूनायोग्य काम गरेको भन्दै उनले मन्त्रालयका तर्फबाट आवश्यक सहयोग र समन्वय गरिने बताएकी थिइन्। संस्थाले विपन्न वर्गको पहुँच र महिला सशक्तिकरणरमा राम्रो पक्ष देखिएको वताएकी थिईन् । जिल्ला सहकारी संघ दाङका लेखा सुपरीवेक्षण समितिका संयोजक होमलाल भूसालले केही खराब सहकारीका कारण सिंगो सहकारी अभियान बदनाम हुँदै गएको भन्दै राम्रो सहकारीको पहिचान र सम्मान गर्नुपर्ने वताए । समयको माग अनुसारको नयाँ ढंगले सहकारी संचालन गर्नुपर्ने सुझाव दिएका थिए ।



संस्थाका अध्यक्ष बालचन्द्र शर्माको अध्यक्षतामा भएको कार्यक्रममा उनले शेयर सदस्यहरुलाई नवीनतम आधुनिक प्रविधिसँग जोड्ने हिसाबले प्रविधिमैत्री बनाउने बताएका थिए । त्यसका लागि संस्थाको आफनै मोवाईल एपको लागि छलफल भईसकेको जानकारी गराएका थिए । संस्थामा शेयर पुँजी र सदस्यता वृद्धि हुँदै गएको बताएका थिए ।

कार्यक्रममा नियमित बचतकर्ता लिलादेवी भुसाल, समयमै ऋणको किस्ता तथा ब्याज बुझाउने लक्ष्मी श्रेष्ठ, शेयर सदस्य वृद्धि गर्ने ज्योतिपुञ्ज आमावि, नियमित बाल बचतकर्ता परिधी गौतम, जेष्ठ सदस्यहरु शंकर प्रसाद गौतम र सखलहरी चौधरीलाई सम्मान गरिएको थियो । साथै सो अवसरमा संरक्षित पुँजी फिर्ता कोषको रकम धेरै पाउने हरिहर आचार्य, अनिता गुरुङ, ओमप्रसाद चौधरी, बबिता महरा, विष्णु वली, शान्ता घिमिरे, तेज बहादुर घर्ति, सरस्वती अवस्थि, नेत्रप्रसाद पाण्डेय र बिक्रम चौधरीलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा संस्थाको वार्षिक साधारणसभामा प्रगति प्रतिवेदन, कोषाध्यक्ष नवराज भण्डारीले आर्थिक प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन संयोजक गेहेन्द्र बस्नेतले प्रस्तुत गरेका थिए । संस्थाका उपाध्यक्ष नविन कुमार पाण्डेयको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रममा सहजिकरण सचिव विमल योगीले गरेका थिए ।

कलश बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा माधव खनाल चयन भएका छन । सस्थाको पाँचौं अधिवेशनले खनालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । समितिको उपाध्यक्षमा चन्द्रावती भण्डारी, सचिवमा विमल योगी, कोषाध्यक्षमा नवराज भण्डारी, सदस्यहरुमा इश्वरीप्रसाद आचार्य, श्रीकान्त अधिकारी, गेहेन्द्र वस्नेत, हरिहर आचार्य र केशव रिजाल चयन भएका छन ।

त्यस्तै, समितिको लेखा सुपरीवेक्षण समितिको संयोजकमा श्रीधर योगी र सदस्यहरुमा मंगला राणा र तिर्थराज शर्मा पण्डित रहेका छन् । नवनिर्वाचित समितिलाई निर्वाचन समितिका संयोजक निर्मल गौतमले प्रमाणपत्र वितरण गर्नुका साथै पद तथा गोपनियताको सपथग्रहण गराएका थिए । अधिवेशन सत्र कार्यक्रमको सहजीकरण निर्वाचन समितिका सदस्य हेमराज शर्माले गरेका थिए ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ